


जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ • अंक २८१ • २०८१ साल फाल्गुन २३ गते शुक्रबार (7 March, Friday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## 'स्वास्थ्यमन्त्रीले राजिनामा दिनुपर्छ'

**टुडे समाचारदाता**



काठमाण्डु । संगीताकौशलमिश्रले स्वास्थ्यमन्त्री प्रदीप पौडेलले आफूमाथि अन्याय गरेको भन्दै राजिनामा मागे गरेकी छन् ।

मन्त्रिपरिषद् बैठकले बुधबार स्वास्थ्य सचिवमा डा. विकास देवकोटालाई नियुक्त गरेपछि डा. मिश्रले असन्तुष्टि व्यक्त गर्दै स्वास्थमन्त्रीको राजिनामा माग गरिन् ।

डा. रोशन पोखरेल फागुन ११ गते उमेरहदका कारण अवकाशमा गएपछि नयाँ सचिव नियुक्तिका लागि बढुवा समितिले डा. मिश्रसहित ३ जनाको नाम सिफारिस गरेको थियो । समितिले वरीयताका आधारमा डा. मिश्र, डा. देवकोटा र डा. टंक बाराकोटीको नाम सिफारिस गरेको थियो ।

स्वास्थमन्त्रीले वरीयता मिचेर जुनियरलाई नियुक्ति गरेपछि डा. मिश्रले आफूभन्दा जुनियरको मातहत रहेर काम नगर्ने बताएकी छन् ।

डा.मिश्रले आफूलाई स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले अन्याय गरेको गुनासो गरिन् । पौडेल मन्त्री नियुक्ति भएपछि आफूलाई स्वास्थ्य सेवा विभागको महानिर्देशक पदबाट हटाइएको आरोप समेत लगाएकी छन् ।

उनले भनिन्, 'प्रदीप पौडेल मन्त्रीमा आउने बित्तिकै महानिर्देशकबाट हटाउनुभयो, विकासजीलाई लैजानुभयो । विकास देवकोटाले दुई शाखा हेर्नुभयो, त्यसमध्ये एउटा काटी दिनुभयो ।'

उनले अघि थप्दैं भनिन्, 'म प्रमाण भनिरहेको छु । मन्त्रीले करिब १५ वटा समिति बनाउनुभएको होला, कुनै पनि समितिमा राख्नुभएन ।'

नेपाल स्वास्थ्य सेवा ऐन-२०५३ को दफा १९ मा सचिव नियुक्तिसम्बन्धी प्रावधान छ । सो प्रावधान अनुसार स्वास्थ्य सेवाको बाह्रौं तहमा कार्यरत र एघारौं तहमा कम्तीमा पाँच वर्ष काम गरेका कर्मचारी ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनका आधारमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सचिव पदमा नियुक्त हुन सक्ने व्यवस्था छ ।

### पूर्वराजालाई ओलीको चुनौती

# 'अलिकति टाउको निकालेर हुँदैन, चुनाव लड्न आउनुस्'

**टुडे समाचारदाता**

गौशाला । प्रधानमन्त्री केपी शर्मा ओलीले पूर्वराजा ज्ञानेन्द्र शाहलाई पार्टी खोलेर चुनाव लड्न चुनौती दिएका छन् ।

महोत्तरीको गौशालामा बिहीबार आईएमई ग्रुपले स्थापना गरेको नेपाल पल्प पेपर इन्डस्ट्रिजको उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले देशका जुनसुकै स्थानबाट चुनाव लड्न पूर्वराजा शाहलाई कुर्सीमा बस्दैमा राजा नभइने भन्दै उनले कटाक्ष गरे ।




प्रधानमन्त्री ओलीले भने, 'हुँदा हुँदा हिजो कि अस्तीका दिन उहिले नेपाली जनताले फालेको राजतन्त्रलाई फेरि कताबाट कहाँबाट उधिनेर ल्याएर खोइ कहाँ कुर्सीमा राख्छन्, अरे । मान्छे कुर्सीमा बस्दा राजा हुने भए त तपाईंहरु कुर्सीमा बस्नुभएको छ, राजा हुनुभो ? (अर्कोतिर फर्केर) यता पनि कुर्सीमा बस्नुभएको छ राजा हुनुभो ? कुर्सीमा राख्दैमा राजा भइँदैन ।'

उनले छायाँलाई अगाडि सार्नुभन्दा आफैं अगाडि सर्न पूर्वराजालाई आग्रह गरे । संविधानको बाटो समाएर आएमा आफूहरुलाई आपत्ति नहुने उनले बताए ।

उनले भने, 'लोकप्रिय हुनुहुन्छ भने ठीक छ, संविधानअनुसार चुनाव लड्न आउनुस् न । तपाईंलाई जहाँसुकै चुनाव लड्न खुला छँदैछ नि । आउनुस्, चुनाव लड्नुस्, पार्टी खोल्नुस् । खोलेकै छ, त्यसलाई आफ्नो भन्नुस् । मेरो पार्टी भन्नुस् न । एउटा घोस्ट भन्छ नि, छायाँ अगाडि सारेर होइन, आफूलाई अगाडि सार्नुस् न । अनि अलिकति टाउको निकाल्ला निकाल्ला जस्तो, यसोयसो पनि गर्ने, अप्ठेरो पर्यो भनेर फुत्त तानेर कछुवा तालले टाउको लुकाउने ?'

प्रधानमन्त्री ओलीले अघि थप्दैं भने, 'षड्यन्त्रबाट जन्मेको राजतन्त्र र झाडीबाट आएका राजा फेरि फर्किने नसोच्दा हुन्छ,' ओलीले भने, 'नेपाली जनताको चेतनास्तर माथि उठिसकेको छ । बलमिच्याइँ, अराजकताबाट सिंहासनबाट बस्ने चाहना नेपाली जनतालाई स्वीकार्य हुँदैन ।'

'खोलिएकै पार्टीलाई आफ्नो भनेर, नभए नयाँ पार्टी खोलेर २०८४ मा चुनाव लड्न आग्रह गर्छु । प्रधानमन्त्री ओलीले भने, 'बीचबीचमा टाउको निकाल्दैमा राजतन्त्र र राजा आउँदैन । सामन्ती राजतन्त्र र जन्मँदै राजा हुने प्रवृत्ति अब हुन सक्दैन । फालिएको राजतन्त्र फर्किंदैन । फेरि राजा भएर रैती बनाउनु र दुई सय वर्ष अझै खान्छु भनेर नसोच्दा हुन्छ ।'

प्रधानमन्त्री ओलीले भुलभुलैया, नाटक, तमासमा नपर्न नागरिकसँग आग्रह गर्दै सरकारलाई दन्तबजान गर्ने फुर्सद नरहेको बताए ।

उनले मुलुकको दक्षिण क्षेत्रका सडक हुलाकी राजमार्ग लगायत सडक फराकिलो नबन्दा मधेशको विकास हुन नकसकेको बताए । फराकिलो सडक बनाएर नया सहर घोषणा गरी मधेशको विकास गर्न सकिने उनले बताए ।

प्रधानमन्त्री ओलीले उद्योग स्थापनाले चुलो चौकोमा सीमित रहनेका लागि पनि सीपसंगै रोजगारी सिर्जना गर्ने बताए । उनले आफ्नै कागज देशभित्र प्रयोग गर्ने अवसर र व्यापार घाटा सन्तुलनका लागि यसले योगदान दिइ आत्मनिर्भर बनाउन सहयोग गर्ने विश्वास व्यक्त गरे । प्रधानमन्त्री ओलीले निजी क्षेत्रको प्रयासबिना समृद्धि हासिल नहुनेमा सरकार स्पष्ट रहेकाले औद्योगिक विकास र रोजगारी सिर्जनामा प्राथमिकता दिइने बताए ।

उनले भने, 'अब हामी आत्मनिर्भरताको बाटोमा लाग्नुको विकल्प छैन । सहकार्यका माध्यमबाट युवाहरूले आपको खेती विकास गर्न सक्छन् । यसमा प्रदेश सरकारहरु पनि अघि सरुन् ।'

आइएमई ग्रुपको यो उद्योग स्थापना भएसँगै नेपालमा पहिलो पटक नष्ट भएका कागजबाट नयाँ कागज उत्पादन भएर आयात कम गर्न सहयोग पुग्नेछ । यस उद्योगले करिब तीन सयको रोजगारी दिनेछ । नेपालमा वार्षिक करिब डेड लाख मेट्रिक टन कागज खपत हुने गरेको छ ।







# महावीर झण्डा मेला सबैला (सतोषर) मा सुरु



टुडे समाचारदाता

जनकपुरधाम। लामो धार्मिक पदयात्रा मिथिला 'माध्यमिकी परिक्रमा' मेलाको शुभ अवसरमा सबैला न.पा.९ सप्त ऋषि बास स्थान कुशमाहा सतोषरधाममा महावीर झण्डा मेला सुरु भएको छ । श्री श्री १०८ श्री सिताराम महराजी, श्री श्री १०८ श्री तान्त्रीक बाबा एंव सतोषर ग्राम बासीको आयोजना तथा लोकतान्त्रिक समाजवादी पार्टी नगर कमिटी सबैलाका नगर अध्यक्ष राम चन्द्र जयसवालको प्रमुख आतिथ्यतामा आज महावीर झण्डा मेलाको एक समारोहबीच उद्घाटन गरिएको छ । मेला उदघाटन गर्दै नगर अध्यक्ष राम चन्द्र जयसवालले हाम्रो हिन्दू धर्म आस्थाको कारण महावीरजी लाई पिँढी दर पिँढी पुजदै आएको र आपसी सदभाव , मानवता, प्रेम,गहिरो दार्शनिक तथा आध्यात्मिक महत्त्व बोकेको बताउँदै आउने दिनमा पनि सामाजिक कार्यमा सक्रिय भूमिकामा रहने बताएका थिए।

यस मेलामा कुस्ती ,कलकतिया वाली ,नाचगान जस्ता विभिन्न किसिमका मनोरञ्जनको खेल,झुलुवा आदि हुने छन। २९ गते सम्म चल्ने झण्डा मेला स्थानमा यहि सतोषरधाममा २५ गते लामो धार्मिक पदयात्रा मिथिला ' माध्यमिकी परिक्रमा आउने छन।

झण्डा मेलाको लागि महावीरको भव्य झण्डाको साथ साथै दर्शनका लागि विभिन्न देवी देउताहरुको कलात्मक मूर्ति निर्माण गरिएको छ ।

फागुन २९ गते विहीवार सम्म हुने मेला महोत्सवमा हेल्प मधेशी नेपालका संस्थापक अध्यक्ष राम उदगार यादव , जनमत पार्टी उप मेयर प्रत्यासी बबिता देवी यादब धनेश्वर मिश्र, राम भक्त जैसवाल, प्रदीप यादव, साधु, संत, महन्त, श्रद्धालु भक्तजन , नागरिक समाजको उलेख्य सहभागिता रहेका थिए।

# पांग्रा छोडेर बुद्ध एयर अवतरण, प्राधिकरणले थाल्यो छानबिन

टुडे समाचारदाता

जनकपुरधाम। जनकपुर विमानस्थलमै बुद्ध एयरको जहाजले पांग्रा छोडेर काठमाण्डु आइपुगेको घटना सार्वजनिक भएको छ। जनकपुरधामबाट बिहीबार काठमाण्डु उडान भर्ने क्रममा जहाजको पांग्रा हराएको छ।

बुद्ध एयरको एटीआर ७२ जहाज अगाडिको एउटा पांग्राबिना नै जनकपुरबाट उडान भरेको थियो। जहाजको पांग्रा नभएकोबारे चालकदलका धावनमार्गमै फेला परेको र यो विषयमा अनुसन्धान सुरु भएको नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भूलले बताए।

बुद्धको युफोर ५०६ उडान नम्बरको एटीआर ७२ नामक एएनएच जहाजले काठमाण्डुस्थित त्रिभुवन विमानस्थलको आन्तरिक टर्मिनलमा अवतरण गरेको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना




सदस्यहरूलाइ काठमाण्डु ल्याण्ड हुने बेलामा मात्र जानकारी भएको थियो।

बुद्ध एयरका प्रवक्ता रुपेश जोशीले पांग्रा बिनै उडान भरिएको स्वीकारेका छन्। उनले भने, 'पांग्रा जनकपुरमै छुटेछ। पछि काठमाडौं आइपुगेपछि थाहा पाइयो। तर, अगाडिको पांग्रा नभएपनि जहाज सुरक्षित अवतरण गरिएको छ।'

त्यस्तै, जनकपुर विमानस्थलमा जाँच गर्दा पांग्रा अधिकारी ज्ञानेन्द्र भूलले भने जनकपुरधामबाट काठमाण्डु आएको विमानको पांग्रा नभएको विषयमा पार्किङमा पुगेपछि मात्र थाहा भएको र सोको अनुसन्धान थालिएको बताए।

उनले अवतरण पछि पांग्रा खोजी गर्दा जनकपुर विमानस्थलमै छुटेको पाइएको छ। सो जहाजमा ६२ यात्रु रहेको उनले बताए। उनले जहाजले जनकपुरधामबाट काठमाण्डुका लागि दिउँसो ४ बजे उडान भरेको थियो।

# मौलापुर छैटौं मधानी महोत्सव: ६६ लाख खर्च




सञ्जय मिश्रा

रौतहट । रौतहटको मौलापुर नगरपालिकाद्वारा आयोजित छैटौं मधानी महोत्सवको खर्च सार्वजनिक गरिएको छ । पूरातात्विक महादेव मन्दिरको प्रांगणमा एक कार्यक्रमको आयोजना गरी मेयर रीनाकुमारी साहको अध्यक्षता एवं आमजनता पार्टीका अध्यक्षसमेत रहेका पूर्वमन्त्री प्रभु साहको प्रमुख आतिथ्यतामा महोत्सवको खर्च सार्वजनिक गरिएको हो ।

फागुन ११ गतेदेखि १५ गतेसम्म पाँच चलेको दिवसीय मधानी महोत्सवमा नगरपालिकाबाट कुल ६६ लाख २३ हजार ३ सय रुपैयाँ खर्च भएको मौलापुर नगरपालिकाका प्रमुख प्रशासकीय रामबाबु साहले विवरण सार्वजनिक गरेका थिए । मधानी महोत्सव २०८१ मा ५ लाखभन्दा बढी श्रद्धालु भक्तजनहरूले अवलोकन गरेको थियो ।

महोत्सव अवधिमा मौलापुरमा १० करोड भन्दा बढीको आर्थिक कारोबार भएको तथा नगरवासी व्यापारीहरूले २ करोडभन्दा बढीको मुनाफा आर्जन गरेको अधिकृत रामबाबु साहले दाबी गरेका थिए ।

सो कार्यक्रममा महोत्सवका विभिन्न उपसमितिहरूका संयोजकहरूले महोत्सवको सन्दर्भमा समीक्षा मन्तव्य राखेका थिए । महोत्सवको सम्बन्धमा सामाजिक सञ्जालमा फिजाइएका भ्रम र यथार्थ बारे पूर्वमन्त्री प्रभु साहले तथ्यांकसहित विश्लेषणात्मक टिप्पणी गरेका थिए । सो अवसरमा उपप्रमुख नागेन्द्र यादव, वडाध्यक्षहरु, कार्यपालिका सदस्य विभिन्न समितिका संयोजक तथा सदस्यलगायतकाहरुको सहभागिता रहेको थियो ।

मौलापुर मधानी महोत्सव २०८१ ले मौलापुर नगरपालिका एवं पतौराधामको मान प्रतिष्ठामा बढोत्तरी भएको, मधानी यज्ञको महिमालाई विश्वस्तरमा पुऱ्याउने तथा पतौराधामलाई विश्वको एक आकर्षक पर्यटकीय गन्तव्यको रुपमा स्थापित हुनेमा विश्वास बढेको बक्ताहरुले बताएका थिए। अनेक षड्यन्त्र, बाधा अड्चनको बावजुद पाँच दिवसीय मधानी महोत्सव सभ्य, भव्य एवं शान्तिपूर्ण वातावरणमा सफलतापूर्वक सम्पन्न गर्नका लागि नगरवासी एवं पतौरावासीको हरेक हिसाबले गरेको सहयोगको लागि मौलापुर नगरपालिकाले आभार व्यक्त गरेको थियो।

# बालयौन दुरुपयोगको कसुरमा एकजना पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम। बालयौन दुरुपयोग गरेको आरोपमा एक जना शिक्षक प्रहरीले पक्राउ गरेको छ। सप्तरीको सप्तकोशी नगरपालिकास्थित गोवर्धन वैरागी जनता माध्यमिक विद्यालयका एक शिक्षकलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा धनुषा सबैला नगरपालिका वडा नम्बर-१२ घर भई हाल सप्तकोशी नगरपालिका वडा नम्बर-२ का रमेश कुमार राउत रहेका छन्। आफ्नै विद्यालयका १६ वर्षीया किशोरीलाई यौन दुरुपयोग गरेको उजुरी परेपछि राउतलाई पक्राउ गरिएको सप्तरी प्रहरी प्रमुख डकेन्द्र खतिवडाले बताए।

राउत गोवर्धन विद्यालयका कम्प्युटरतर्फका करार शिक्षक रहेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। पक्राउ परेका आरोपित राउतलाई प्रहरी हिरासतमा राखेर थप अनुसन्धान थालिएको सप्तरी प्रहरीले जनाएको छ।

# मोनास्टिकका डाइरेक्टर सोनुको नेतृतवमा गुगल एजुकेटर ग्रुप जनकपुरको शुभारम्भ



टुडे समाचारदाता

जनकपुरधाम । गुगल एजुकेटर ग्रुप (जीइजी) जनकपुर को आधिकारिक शुभारम्भ मोनास्टिक स्कूल/कलेज मा सम्पन्न भएको छ।

यो नेपालमा दोस्रो जीइजी अध्याय हो र यो पहलले शिक्षामा डिजिटल परिवर्तनको दिशा थप बलियो बनाउँने विश्वास लिइएको छ।

जीइजी जनकपुरका म्यानेजिङ डाइरेक्टर सोनु कुमार को नेतृत्वमा गठन भएको यो अध्याय नेपालका शिक्षकहरूलाई गुगलका नवीनतम उपकरणहरू प्रयोग गर्न सशक्त बनाउने लक्ष्य राखिएको छ भने उनको नेतृत्वले जनकपुरधाम र आसपासका क्षेत्रका शिक्षकहरूको लागि एक नयाँ युगको शुरुआत गर्ने अपेक्षा गरिएको छ । यस हाइब्रिड शुभारम्भ कार्यक्रममा गुगल इन्डियाकि सोनिया मेहरा अग्रवाल, जीइजी काठमाण्डुका नेता सागुन ढुङ्गाना, गुगल प्रमाणित शिक्षक ज्युडी किम, शिक्षक, पाठ्यक्रम डिजाइनर सुनील कुमार घर्ती, शिक्षा परामर्शदाता निलाद्री परिआल लगायत उत्साही शिक्षक र एडटेक लीडरहरूको उपस्थिती रहेको थियो भने उनिहरुले शिक्षामा डिजिटल सशक्तिकरणका लागि आफ्ना विचार र अनुभवहरू साझा गरेका थिए।

जीइजी जनकपुरको उद्देश्य भनेको शिक्षकहरूलाई गुगलका विभिन्न शैक्षिक उपकरण जस्तै गुगल क्लासरूम, गुगल मिट, गुगल डा'क्स, र अन्य उपकरणहरूको प्रयोगमा दक्ष बनाउनु हो। यसले शिक्षामा नवाचार र सिर्जनशीलता ल्याउने विश्वास गरिएको छ। जीइजी जनकपुरले शिक्षकहरूलाई एकीकृत गर्न र डिजिटल शिक्षा प्रविधिहरूको प्रयोग गरेर विद्यालय र कक्षामा सुधार ल्याउनका लागि तालिम र सहयोगको अवसर प्रदान गर्ने योजना बनाएको छ।

जीइजी जनकपुरले आगामी दिनहरूमा विभिन्न प्रशिक्षण कार्यक्रमहरू, कार्यशालाहरू र नेटवर्किङ अवसरहरू आयोजना गर्ने योजना बनाएको छ, जसले शिक्षामा डिजिटल प्रविधिहरूको प्रभावकारी उपयोग गर्न मद्दत पुऱ्याउनेछ।

यसको उद्घाटनले नेपालका शिक्षकहरूको लागि नयाँ सम्भावनाका ढोका खोल्ने र शिक्षामा डिजिटल परिवर्तनको यात्रा शुरु गर्ने महत्वपूर्ण कदमको रूपमा कार्य गर्ने विश्वास गरिएको छ।

यसका सबै सदस्य र सहभागीहरूलाई एकजुट गरेर, शिक्षकहरूले आपसमा सहयोग गरेर शिक्षाको क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्य राखेका छन्।

यस प्रयासले नेपालका विभिन्न भागका शिक्षकहरूको डिजिटल शिक्षा र नवाचारको स्तरलाई सुधार गर्नेमा महत्वपूर्ण भूमिका खेल्नेछ।

# औषधि खरिद प्रक्रिया रद्द पछि अख्तियारको छापा




टुडे समाचारदाता

जनकपुरधाम। मधेश प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको कार्यालयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छापा हानेको छ।

कार्यालयले मेला, शिविरको लागि औषधिहरु वितरण गर्न नसकिने भएको जनाएको एक दिन नवित्दै आयोगले छापा हानेको बताइएको छ।

मधेश प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापनले एकाएक ठेक्का रद्द गरेपछि आयोगले छापा हानेको छ। यसअघि केन्द्रले औषधिलगायत स्वास्थ्य उपकरण खरिद गर्न गरेको टेन्डर रद्द गरेको थियो। गत मंसिर महिनामै टेन्डरका लागि सूचना प्रकाशन गरी शुरु गरिएको प्रक्रिया अन्तिम चरणमा रद्द गरेपछि केन्द्रलाई शंकाको नजरले हेर्न थालिएको बताइन्छ।

सूचना प्रकाशन गरेदेखि शुरु गरिएको टेन्डर प्रक्रियामा पनि करिब चार महिना वितिसकेको छ। सो आधारमा पुनः शुरुदेखि प्रक्रिया अगाडि बढाएमा आर्थिक वर्षको अन्त्यमा पुगेर बल्लतल्ल औषधि खरिद हुन सक्ने कार्यालयले बताएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधन प्रसाद सिंहले केही टेन्डर प्रक्रिया मुद्दाको कारण अवरुद्ध भएको जनाए। उनले तत्काल आफू आपूर्ती केन्द्रका निर्देशकलाई स्पष्टीकरण सोध्ने स्पष्ट पारे।

केन्द्रका निर्देशक डा. सुनिल कुशवाहाले प्रक्रियामा त्रुटि रहेकाले रद्द गरिएको जिकिर गरे।

# अभिनेत्री प्रियंका कार्कीद्वारा वाटरपार्कको उद्घाटन हुने

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका- १ स्थित रमदैयामा वण्डरलैण्ड वाटरपार्कको उद्घाटन शुक्रबार अभिनेत्री प्रियंका कार्कीले गर्ने छिन्। ३ लाख स्क्वायर फिट निर्देशक गुड्डु जैनले जानकारी दिए । उद्घाटन पूर्व पत्रकार सम्मेलन गरेका थिए।

वाटरपार्क बिहान साढे १० मिनेटमा खुल्नेछ भने बेलुकी ५ बजेसम्म दैनिक सञ्चालनमा रहने उनले बताए। सिद्धार्थ बैंक



क्षेत्रफल रहेको मल्टिलेनसाइड टू लेन, वडीवेभ स्लाइड, हाइस्पीड वडी स्लाइड, ओपेन वडी टर्निगं स्लाइड, ओपेनफलोट स्लाइड, वेभ पुल, रैन डान्स, फाइभ प्लैटफर्म वाटर प्लेसिस्टम, ट्रूस एक्टीभिटी, सिक्स डिफरेन्ट सावर, फूड कोर्ट, पार्टीलगायतको व्यवस्था रहेको छ। लिमिटेडको ऋण सहयोगमा निर्माण भइरहेको वाटरपार्कमा अहिलेसम्म १२ करोड ५० लाख रुपैयाँ खर्च भइसकेको उनले बताए । वाटरपार्कमा जानका लागि टैक्स सहित ९ सय ५० रुपैयाँ प्रति व्यक्ति शुल्क लाग्ने छ।

सो वाटरपार्कको शुक्रवार बिहान ११ बजे चर्चित अभिनेत्री प्रियंका कार्कीले उद्घाटन गर्ने कार्यक्रम रहेको जानकी फन पार्क एण्ड रिसोर्ट प्रालिका प्रबन्ध

पानीको स्वच्छता कायम राख्न ४ वटा वाटर ट्रिटमेन्ट जडान गरिएको जानकारी जानकी फन पार्क एण्ड रिसोर्ट प्रालिका निर्देशक अभिशेष गोयन्काले बताए।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | मन भावुक बन्नेछ। |
| वृष : | शुभकार्यको चर्चा चल्नेछ। आँटेको र ताकेको कार्य पुरा होला। |
| मिथुन : | आज आँटेको र ताकेको कार्य पुरा होला। आकस्मिक धनलाभ हुनेछ। |
| कर्कट : | नयाँनौलो समाचार सुन्न पाइनेछ । सामाजिक काम र धर्मकर्ममा मन लाग्नेछ। |
| सिंह : | आज निर्णय कार्यान्वयन हुन गारो होला। |
| कन्या : | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। बन्धु बान्धवबाट सहयोग मिल्नेछ। |
| तुला : | आज साँस्कृतिक कार्यमा सरिक हुने अवसर मिल्नेछ। |
| वृश्चिक : | आज नयाँ कार्यको योजना बन्नेछ। |
| धनु : | आज लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय छ। |
| मकर : | आज पारिवारिक साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ। |
| कुम्भ : | नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। |
| मीन : | आज रोकिएका काम पुनः सुरु हुन सक्छन्। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |


**राम मन्दिर प्रत्येक दिन**


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |


# मिथिला मध्यमा परिक्रमा कञ्चनवनमा पुगेपछि देखिएको मनोरम दृश्य ।

























तस्बिरः संजय कुमार यादव



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# चक्रपथ आवश्यक

देशको सर्वाधिक पुराना, धार्मिक, सांस्कृतिक महत्व बोकेका शहरहरु मध्येको जनकपुरधामको विकास आंशिक रुपमा मात्र भएको छ। जनकपुरधामभन्दा कयौं नयाँ शहरहरु धेरै अगाडि छन् । राजनीतिक खिचातानी र आत्मबलको कमीले पनि जनकपुरधामको विकासमा अवरोध भएको छ । जनकपुरधामका नेताहरु संघीय सरकारमा महत्वपूर्ण जिम्मेवारीमा पुगे पनि यहाँको विकासमा ध्यान दिएको देखिदैन । जनकपुरधामको समग्र विकासका लागि अझै धेरै गर्न बाँकी छ। शहरी क्षेत्र फराकिलो नहुँदा अझै वस्ती घना नै भइरहेको छ। शहरलाई फराकिलो बनाउने हालसम्म जनकपुरधाममा पूर्वाधार बनेको छैन । प्राचीनकालीन धार्मिक महत्व बोकेको अन्तगृह परिक्रमा सडकको कुल लम्बाई ९ किलोमिटर रहेको छ । सघन वस्तीले कयौं भित्री सडकहरु अत्यन्त साँघुरो छ । अत्यन्त महत्वपूर्ण मानिएको टोल वस्तीहरुको सडक फराकिलो नहुँदा कयौं जटिलता देखिएको छ। जनकपुरधाममा जनसंख्या बढ्दो छ। ग्रामीण भेगबाट बसाइ सरेर शहरमा आउने क्रम तीव्र छ। शहरको वस्ती क्षेत्रलाई फराकिलो बनाउन पूर्वाधारको विकास नभएकाले बसाइ सरेर आउनेहरु महँगो भए पनि घना वस्तीमै घर बनाउछन् । अहिले जनकपुरधाम मधेश प्रदेशको राजधानी बनिसकेको छ। दर्जन मन्त्रालय र दर्जनौ विभाग, कार्यालयहरु खुलेका छन् । सरकारी कर्मचारीको संख्या पनि धेरै थपिएको छ। त्यो बढ्ने क्रम जारी रहने छ। आठ जिल्लाबाट प्रदेशको राजनीति गर्नेहरु पनि स्थायी, अस्थायी रुपमा जनकपुरधाममा बस्नै पर्ने बाध्यता छ । विकासका अन्य पूर्वाधारहरु खडा हुँदैछ। होटेल, अस्पताल, विद्यालय, कलेजलगायतको क्षेत्र पनि फराकिलो बन्दैछ। सवारी साधनको चापले फेरि सडक साँगुरो हुन थालेको छ। जनकपुरधामको समयमै क्षेत्र फराकिलो बनाउन ठोस रुपमा कार्य अगाडि बढाउनु पर्छ। जनकपुरधामको बाहिरी चक्रपथ निर्माणको शिलान्यास गरिएको छ। ३२ किलोमिटर लामो चक्रपथ निर्माणले जनकपुरधामको वस्ती विस्तार हुन निकै मद्दत मिल्ने छ। चक्रपथको प्रारम्भमा ५ किलोमिटर सडक मात्र तयार हुने भए पनि सुरुवात सकारात्मक छ। बहुवर्षीय योजना अन्तरगत राखिएकोले हरेक वर्ष रकम आउने निश्चित छ। तर त्यसका लीग योजना ल्याउने नेता रघुबीर महासेठलगायतले बजेट बढी हाल्ने प्रयास गर्न आवश्यक छ। सामाजिक कार्यहरुमा सँगै रहने यहाँका नेताहरु विकास कार्यमा पनि हातेमालो गर्न आवश्यक छ। ३२ किलोमिटर लामो चक्रपथ निर्माण आगामी आर्थिक वर्षसम्म हुने गरी सबै नेताहरुले संयुक्त प्रयास गर्नु पर्छ। भारत बिहारको केही भूभाग सहित महोत्तरी र धनुषाको भूभाग जोड्ने १ सय ५ किलोमिटर लामो परिक्रमा सडक छ। धार्मिक, सांस्कृतिक महत्व बोकेको त्यो परिक्रमा सडकको विकासले धनुषा र महोत्तरी जिल्लामा ठूलो आर्थिक क्रान्ति आउने निश्चित छ। जनकपुरधाम चक्रपथको कार्यलाई समयमै सम्पन्न गर्न सक्नु पर्छ।

# कोशी प्रदेशको आर्थिक समृद्धि : सम्भावना र मार्गचित्र

डा. दिलनाथ दंगाल

कोशी प्रदेशका नागरिकले आफूले प्राप्त गरेको ज्ञानलाई सीपमा, सीपलाई रोजगारीमा, रोजगारीलाई उत्पादनमा बदल्ने र उत्पादनबाट प्राप्त हुने आर्जनलाई सम्पूर्ण प्रदेशवासीको उत्थानमा लगाउनु नै समृद्धिको उपयुक्त माध्यम हुनेछ । उत्पादन प्रक्रियालाई समयानुकूल परिवर्तन गराउँदै आत्मनिर्भर अर्थतन्त्रतिर प्रदेशलाई अगाडि बढाउन आवश्यक छ।

यो प्रदेशका प्रमुख तीन सम्भावना हुन्– कृषि, पर्यटन र उद्योग। शिक्षामा ज्योति छर्ने बालागुरु षडानन्द, परिवर्तनकी संवाहक योगमाया र किराँत धर्मका धर्मगुरु फाल्गुनन्द जस्ता व्यक्तित्वहरूको योगदान यही प्रदेशबाट भएको हो । त्यसैले यस प्रदेशमा शिक्षाको पनि सम्भावना उत्तिकै छ। प्रदेशलाई स्वास्थ्यको हब बनाई स्वास्थ्य पर्यटकलाई आकर्षण गर्न सकिने बलियो आधार छ। प्रविधिमा पनि आत्मनिर्भर हुन सकिन्छ। विदेशबाट प्राप्त रेमिट्यान्सलाई उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन र जल यातायातमा पनि यो प्रदेशले प्रशस्तै सम्भावना बोकेको देखिन्छ, तर यो लेखमा प्रमुख सम्भावनाका रूपमा रहेका तीनवटा विषयमा मात्र चर्चा गर्न खोजिएको छ।

### १) कृषि

प्रदेशको कुल भूभागको खेतीयोग्य क्षेत्रफल आठ लाख २१ हजार ६११ हेक्टरमध्ये ७ लाख ७ हजार २२१ हेक्टर जमिनमा मात्र खेती गर्ने गरिन्छ। कुल खेतीयोग्य क्षेत्रफलको ३७.२ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको अवस्था छ।

पछिल्लो तथ्यांक अनुसार, ४९ लाख ६१ हजार ४१२ जनसंख्या रहेको यस प्रदेशमा ७५ प्रतिशत मानिसको जीविकोपार्जनको मुख्य स्रोत कृषि हो। कृषि क्षेत्रमा जनताको सहज पहुँच रहने हुनाले यस प्रदेशमा कृषिलाई समृद्धिको आधार बनाउनुपर्छ। हाम्रो देशलाई वार्षिक रूपमा करिब ६५ लाख मेट्रिकटन खाद्यान्न आवश्यक हुन्छ। यो प्रदेशमा मात्रै वार्षिक १२/१३ लाख मेट्रिकटन धान मात्र उत्पादन हुन्छ। बाँकी मकै, गहुँ, आलु, चिया, अलैंची, अम्रिसो, अदुवा, कोदो, दाल, तोरी र तरकारीहरू उत्पादन हुने गर्छन् । तसर्थ पनि यो प्रदेश कृषिका हिसाबले अग्रणी स्थानमा छ।

देशको राष्ट्रिय उत्पादनसँग तुलना गरेर हेर्दा पछिल्लो तथ्यांक अनुसार कोशी प्रदेशले चियाको उत्पादनमा ९९ प्रतिशत, अलैंचीमा ९३ प्रतिशत, अदुवामा ३५ प्रतिशत, आलुमा ३४ प्रतिशत, मकैमा २ ९ प्रतिशत, धानमा २१ प्रतिशत र गहुँको उत्पादनमा १० प्रतिशत योगदान गरेको देखिन्छ।

खाद्यान्न उत्पादनका दृष्टिकोणले यो प्रदेश आत्मनिर्भर मात्र नभएर आफूलाई उपभोगका लागि चाहिनेभन्दा ३७ प्रतिशत बढी उत्पादन गर्छ, जुन अन्य प्रदेश र छिमेकी मुलुकमा निर्यात हुन्छ। देशकै कुल निर्यातको ४१ प्रतिशत हिस्सा कोशी प्रदेशको रहेको छ। यद्यपि हिमाली जिल्लाहरू खाद्यान्न उत्पादनमा आत्मनिर्भर देखिएका छैनन् तर त्यहाँ औषधी उत्पादनको सम्भावना छ। तराईको भूभाग मुख्य रूपमा खाद्यान्न उत्पादनमा; पहाडी भूभाग नगदेबाली (फलफूल र तरकारी उत्पादन)मा अब्बल देखिएका छन्।

यो प्रदेशमा सिँचाइका लागि चाहिने जलस्रोतका लागि भने वर्षैभरि जल प्रवाह हुने अरुण, तमोर, दुधकोशी, सुनकोशी, मेची, कन्काई लगायत धेरै साना-ठुला नदीहरू छन्। नेपालकै अति उत्पादन हुने भूमि भनेर चिनिएका झापा, मोरङ, सुनसरी लगायत जिल्लाहरूमा सिँचाइ सुविधाको पर्याप्त पहुँच पुऱ्याएर कृषि उत्पादनमा आत्मनिर्भर हुन सक्ने सम्भावना रहेको छ। त्यसै गरी उत्पादनका लागि चाहिने मलका लागि हरियो मल (घन्सी वा ढैंचा) र कम्पोस्ट मल आदिको सम्भावना यो प्रदेशमा प्रशस्त मात्रामा छ। कृषिलाई चाहिने बिउका लागि हाम्रा हजुरआमा, आमा र दिदीहरूले परम्परागत ज्ञानको संरक्षण गरेका छन्। त्यस पुरानो ज्ञानलाई स्थानीय तहहरूले प्रवर्द्धन गर्न जरुरी छ।

युवाहरूलाई आकर्षित गर्न सकियो भने कृषिमा आवश्यक जनशक्तिको अभाव हुँदैन। बजारका लागि स्थानीय तहले कृषि हाट व्यवस्था गर्न सजिलो हुन्छ।

दुध तथा दुग्धजन्य उत्पादन र माछा मासु तथा अण्डा उत्पादनमा समेत यो प्रदेश अगाडि देखिन्छ। प्रदेशका विभिन्न भागहरूमा चरनका लागि प्रशस्त ठाउँ रहेकाले व्यावसायिक पशुपालनतर्फ किसानलाई आर्कर्षित गर्न सकिन्छ। यसका लागि बढी उत्पादन दिने पशुपक्षीहरूको जात सहज ढंगले उपलब्ध गराउने, किसानलाई आवश्यक तालिम दिने, आवश्यक परेको खण्डमा प्राविधिक सहयोग उपलब्ध गराउने, उत्पादनलाई चाहिने बजारको व्यवस्था गर्ने, कृषि बिमाको सुविधा उपलब्ध गराउने र सरल रूपले सक्कली किसानलाई लगानीको स्रोत व्यवस्थापन गर्ने हो भने यो प्रदेशमा मासु, दुध तथा दुग्धजन्य उत्पादनको पनि प्रचुर सम्भावना रहेको देखिन्छ। यो प्रदेशका प्रमुख तीन सम्भावना हुन्– कृषि, पर्यटन र उद्योग। शिक्षामा ज्योति छर्ने बालागुरु षडानन्द, परिवर्तनकी संवाहक योगमाया र किराँत धर्मका धर्मगुरु फाल्गुनन्द जस्ता व्यक्तित्वहरूको योगदान यही प्रदेशबाट भएको हो। त्यसैले यस प्रदेशमा शिक्षाको पनि सम्भावना उत्तिकै छ।

कृषकलाई आवश्यक तालिम र अनुभव साटासाटको अवसर दिन सकिएको छैन। यो प्रदेशका १४ वटै जिल्लाहरूको भ्रमण सम्पन्न गरेपछि मैले के अनुभव गरेँ भने प्रदेश सरकारसँगै कृषिसँग सम्बन्धित संस्थाहरुले हरेक बाली लगाउने समयमा सबै जिल्लाका किसानलाई आ-आफ्नो जिल्लामै भेला गरेर उनीहरूका अनुभव आदान-प्रदान सुन्न र उनीहरुलाई विशेषज्ञबाट सल्लाह-सुझाव दिन आवश्यक देखिन्छ।

यो प्रदेशमा कृषिको अपार सम्भावना भए पनि करिब दुईतिहाइ भूभागमा सिँचाइको सुविधा छैन। कृषकले आवश्यकता अनुसार उन्नत जातका बिउबिजन, मल, कृषि औजार तथा प्राविधिक सेवा पाउन सकिरहेका छैनन्।

प्रदेशमा रहेका युवा जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न नसकेर कृषि श्रमिकको अभाव हुन थालेको छ। यसले गर्दा अति उत्पादन दिने भूमि बाँझै रहने गरेका छन्। अर्कोतिर बजारको राम्रो व्यवस्था नभएकाले कृषि उत्पादनले उचित मूल्य नपाउने अवस्था छ र कृषि पेसाप्रति नै यहाँका नागरिकमा नैराश्यता सिर्जना भएको छ।




### २) पर्यटन

पर्यटनका हिसाबले प्रचुर सम्भावना बोकेको प्रदेशका रूपमा यो प्रदेशलाई चिनिन्छ। यो प्रदेशमा साहसिक पर्यटकका लागि वर्षैभरि जल प्रवाह हुने नदी, विश्वको सर्वोच्च शिखर सगरमाथादेखि नेपालको सबैभन्दा होँचो स्थान केचनाकवल रहेका छन्। आठ हजार मिटरभन्दा माथिको उचाइमा रहेका पाँचवटा हिमालहरू र पाँच हजार मिटरभन्दा माथिको उचाइमा रहेका ३५ वटा हिमालहरू यसै प्रदेशमा पर्छन्। यी हिमालमध्ये धेरै हिमाल पर्वतारोहीका मुख्य आकर्षण र रोजाइमा पर्ने हुनाले पनि साहसिक पर्यटनका लागि यो प्रदेश उपयुक्त मानिन्छ।

त्यसैगरी जैविक विविधताले भरिपूर्ण स्थलहरू रहेकाले तथा विश्वका एक दर्जन देशहरूमा पाउने हावापानी यहाँ पाइने हुनाले पनि यो प्रदेश पर्यटकका लागि प्रमुख रोजाइमा परेको देखिन्छ।

धार्मिक पर्यटनका दृष्टिकोणबाट पनि यो प्रदेश अग्रस्थानमा छ। हिन्दुहरूको प्रसिद्ध धार्मिक आस्थाको केन्द्र हलेसी महादेव, पाथीभरा देवी, बराह क्षेत्र, इलामको माईपोखरी लगायत धेरै मन्दिर, धार्मिक तथा ऐतिहासिक स्थलहरू यहाँ छन्। यहाँको पर्यटन पूर्वाधारमा लगानी गरी ठुलो मात्रामा हिन्दु र बौद्धमार्गीको बसोबास रहेका हाम्रा छिमेकी तथा अन्य मुलुकबाट धार्मिक पर्यटक भित्र्याउन सकिन्छ।

ठुल्ठुला चट्टानहरू, पदयात्रा गर्न तथा प्रकृतिमा रमाउन चाहने पर्यटकका लागि धेरै पदमार्गहरू, ऐतिहासिक गन्तव्यका लागि प्राचीन तथा पुरातात्त्विक स्थलहरू यो प्रदेशमा रहेका छन्। गुराँसको मनोरञ्जन लिन चाहनेहरूका लागि गुराँसको राजधानी भनेर चिनिने तीनजुरे क्षेत्र, चिया बगानको मनोरम दृश्य लिन चाहनेका लागि इलामको चिया बगान, विभिन्न हिमाल तथा राष्ट्रिय निकुञ्जमा रमाउन चाहनेका लागि हिमाली वन्यजन्तुको जीवन पद्धति झल्काउने सगरमाथा, मकालु वरुण राष्ट्रिय निकुञ्ज, कञ्चनजंघा संरक्षण क्षेत्र, कोशी वन्यजन्तु आरक्ष समेत यसै प्रदेशमा पर्छन्। पर्यटन विकास लागि तत्काल प्रदेश सरकारले तीनवटा प्रमुख काम गर्नुपर्ने देखिन्छ –

क) एकीकृत पर्यटन विकास (प्रदेशभित्र र बाहिर पनि) को अवधारणालाई अगाडि बढाउनुपर्छ।

ख) आन्तरिक पर्यटकहरू घरबाट निस्किएपछि घर फर्किंदासम्म र बाह्य पर्यटकहरू एयरपोर्टबाट एयरपोर्टसम्म आउँदा कहीँ पनि ठगिनु हुँदैन।

ग) कुनै सहरमा हिँडेर घुम्न चाहने पर्यटकका लागि सहज रूपले हिँड्न बाटोको छेउमा फुटपाथको प्रशस्त व्यवस्था हुनुपर्छ। बाटो काट्नका लागि ठाउँ-ठाउँमा जेब्रा क्रसको व्यवस्था, हिँड्दै जाँदा किनेरै भए पनि पिउने पानीको व्यवस्था, थकाइ लागेको समयमा सुस्ताउनका लागि चौतारोहरू वा फलैंचाहरूको व्यवस्था र भोक लागेका समयमा सफा र स्थानीय स्वादको खाना खाने ठाउँको व्यवस्था गर्न सकेमा पर्यटन आगमनको पहिलो खुड्किलो पूरा हुनेछ।

यी कार्य सम्पन्न गर्न सके पर्यटनको विकास भई विदेशी मुद्रा आर्जनको स्रोतको रूपमा विप्रेषणपछिको दिगो वैकल्पिक स्रोतको रूपमा विकास गर्न सकिने देखिन्छ। यो प्रदेशमा एकजना विदेशी पर्यटक आउँदा नौजना र आन्तरिक पर्यटक आउदा ६ जनाले रोजगार पाउने सम्भावना पनि भएको हुनाले यो क्षेत्रको विकासले रोजगारी अभिवृद्धिमा पनि सहयोग पुऱ्याउँछ।

### ३) उद्योग

औद्योगिकीकरणका हिसाबले कोशी प्रदेशका केही मुख्य सहरहरू औद्योगिक राजधानीका रूपमा परिचित रहेका र मुलुककै औद्योगिक क्षेत्रको उत्पादनमा कोशी प्रदेशको उद्योग क्षेत्रको योगदान दोस्रो स्थानमा छ। नेपालकै पहिलो औद्योगिक सहर भईकन पनि विराटनगर यतिवेला देशका अन्य सहरभन्दा पछि परेको छ। देशमा संघीयताको विकाससँगै उद्योगधन्दा र कलकारखानामा वृद्धि हुने, रोजगारी सिर्जना हुने र उत्पादनमा वृद्धि हुने धेरै नागरिकले अपेक्षा गरेका थिए र अझै पनि आस गरिरहेका छन्। तर कतिपय कुराको तालमेल मिल्न नसक्दा यो अपेक्षा अपेक्षामै सीमित रहन पुगेको तितो यथार्थ हामीसँग छ।

हाल कोशी प्रदेशमा १२ हजार २२५ वटा उद्योग प्रतिष्ठानमा एक खर्ब ३३ अर्ब लगानी रहेको छ भने यी उद्योग प्रतिष्ठानमा लगभग एक लाख मजदुरहरू प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न छन्।

यो प्रदेशमा ९०५ औद्योगिक उत्पादन गर्ने ठुला उद्योगहरू र १० हजार ७२१ साना उद्योगहरू, २२८ विद्युत् तथा ग्यासजन्य उद्योगहरू, ३४८ पानीको आपूर्ति, ढल निकास, फोहोर व्यवस्थापनका उद्योग तथा प्रतिष्ठान र खानी तथा उत्खनन्का २३ उद्योगहरू सञ्चालनमा रहेका छन्। यी उद्योगमा काम गर्नका लागि आवश्यक श्रमिकका लागि यो प्रदेशमा रहेको अपार युवा जनशक्तिहरूलाई प्रदेशमै काम लगाउनका लागि ती युवालाई आत्मसम्मानको प्रत्याभूति गराउन सर्क्नुपर्छ र मानसिक एवं शारीरिक सबै खाले कामहरूको समान ढंगले सम्मान गर्न सके तथा प्रदेशको औद्योगिक उत्पादनले बजार पाउने सुनिश्चितता गर्न सकियो भने यहाँका उद्योगमा काम गर्ने जनशक्तिको अभाव हुँदैन।

त्यसैगरी औद्योगिक उत्पादनका लागि आवश्यक पर्ने पानीका लागि कोशी प्रदेशमा वर्षैभरि जल प्रवाह हुने अरुण, तमोर, मेची, कन्काई, दुधकोशी, सुनकोशी लगायत नदीहरूमा रहेको जल प्रवाहलाई औद्योगिक प्रयोजनका लागि प्रयोग गर्न सकिन्छ भने कृषिमा आधारित उद्योग, मुलुककै कच्चा पदार्थमा आधारित उद्योगहरू स्थापनामा जोड दिनुपर्छ। यसो गर्न सके कच्चा पदार्थमा पनि हामीले विदेश र अन्य प्रदेशहरूको मुख ताक्नुपर्दैन।

यो प्रदेशमा रहेका उद्योगबाट उत्पादित वस्तुका लागि बजारको व्यवस्थापनमा कठिनाइ नहोस् भन्नका लागि स्वदेशी उत्पादनलाई प्रयोग र प्रचार-प्रसार गर्ने कार्यलाई प्रोत्साहन गरिनुपर्छ। सरकारले शिशु अवस्थामा रहेका उद्योगहरूलाई फस्टाउन दिनका लागि संरक्षणको नीति अपनाउनुपर्छ। यो प्रदेश भारत र चीन दुवै देशसँग सिमाना जोडिनुको साथै यहाँ रहेका राजमार्गले दुवै छिमेकी मुलुकसम्मको पहुँच सहज बनाएका हुनाले तुलनात्मक लाभका उद्योग तथा कलकारखाना स्थापना गरी विदेशी लगानीलाई आकर्षित गर्न तथा उत्पादित वस्तु तथा सेवा निकासी गर्न श्रम, समय र लागतका दृष्टिले उपयुक्त हुनेछ। त्यसैगरी मध्य पहाडी लोकमार्गले प्रदेशका १४ मध्ये नौवटा जिल्लालाई छुने हुनाले पनि प्रदेशमा उत्पादित वस्तुलाई आन्तरिक बजारसम्म पुऱ्याउन सजिलो हुनेछ। पछिल्लो समयमा मध्यपहाडी लोकमार्ग तथा लोकमार्गसम्म जोड्ने सहायक मार्गको छिटोछिटो निर्माण तथा विस्तारको कार्य सम्पन्न हुन थालेबाट ग्रामीण भेगमा हुने उत्पादनका लागि आन्तरिक तथा बाह्य बजारको सम्भावनाहरू बढ्दै जानाले कृषि तथा उद्योगहरूबाट हुने उत्पादनको स्थानीय बजार तथा बाहिरी बजारमा निर्यात व्यापार बढ्दै जाने प्रशस्त सम्भावना देखिन्छ।

उद्योगका लागि चाहिने विद्युत्का लागि भने पुवाखोला जलविद्युत् आयोजना, थामे जलविद्युत् आयोजना, अरुण तेस्रो जलविद्युत् आयोजना जस्ता १४ वटा जलविद्युत् आयोजनाहरू यो प्रदेशमा पर्ने र १० हजार मेगावाट विद्युत् उत्पादन क्षमता (जलविद्युत्का हिसाबले कर्णाली प्रदेशपछि नेपालको सबैभन्दा धनी प्रदेशका रूपमा आउँछ) यो प्रदेशले राख्ने हुनाले पनि विद्युत् उत्पादनका हिसाबले धनी प्रदेश मानिन्छ, जसले उद्योगका लागि आवश्यक विद्युत् आपूर्ति गर्न सक्छन्।

साना तथा घरेलु उद्योगको विकास गर्ने, काठका सामान, बाँस निगालोका चोयाका सामान, बाँस वा निगालोबाट सिधै बन्ने सामग्री, स्थानीय खाद्यान्न, पूर्वको प्रख्यात ढाका, अल्लोको सामग्रीजस्ता स्थानीय सीपमा आधारित उत्पादनहरूको निर्यात गर्न सम्भव छ।

अबको प्रदेशको प्राथमिकता भने विद्युतीय सवारी-साधनहरू र अन्य विद्युतीय सामग्रीहरू उत्पादनमा जोड दिनुपर्ने देखिन्छ, (५० को दशकमा काठमाडौं विश्वकै सबैभन्दा धेरै विद्युतीय सवारीसाधन सञ्चालन हुने सहरको रूपमा थियो। तर सरकारी नीति र यसले आफूलाई समय अनुकूल परिवर्तन गर्न नसक्दा उल्लेख्य प्रगति गर्न सकेन)।

प्रदेशको सुनसरी-मोरङ करिडोरमा भएका उद्योगहरूलाई समय अनुकूल परिवर्तन गरी पूरै समयविना कुनै अवरोध पूर्ण क्षमतामा सञ्चालन गर्न सकेमा औद्योगिक उत्पादनले निर्यात व्यापार प्रवर्धन तथा आयात प्रतिस्थापनमा उल्लेखनीय योगदान पुऱ्याउन सक्ने सम्भावना छ। यहाँ सञ्चालनमा रहेका औद्योगिक क्षेत्रलाई प्रत्येक स-साना एकाइमा सञ्चालन गर्नुको सट्टामा बृहत् औद्योगिक क्षेत्रहरू योजनाबद्ध रूपमा निर्माण सम्पन्न गरी ती स-साना एकाइलाई एउटै प्रकृतिका एकै उद्योगमा आबद्ध गरिनुपर्छ, यसो गर्न सके कच्चा पदार्थ व्यवस्थापन, विद्युत् आपूर्ति, चुस्त व्यवस्थापन र ढुवानीजस्ता क्षेत्रमा सहज हुन जान्छ।

यति मात्र नभएर समृद्ध प्रदेशको नमुना बन्न सक्ने धेरै सम्भावना यो प्रदेशमा रहेको देखिन्छ। विश्वविद्यालय, अन्य शैक्षिक संस्थाहरू, ठुला-साना धेरै सडक सञ्जालहरू, मेडिकलका हबहरूदेखि टेलिभिजन, राष्ट्रिय स्तरका पत्रपत्रिका, रेडियो जस्ता सञ्चारगृह पनि यो प्रदेशमा छन्। राजनीतिक परिवर्तनका दृष्टिकोणबाट यो प्रदेश धेरैपटक मुलुकको राजनीतिको केन्द्र भागमा रहँदै आएको छ।

अन्त्यमा, यो प्रदेशको विकासको मुख्य रोग भनेको भ्रष्टाचार बढ्नु, सुशासन कायम गर्न नसक्नु, स्थानीय सरकारको कार्य क्षमता अभिवृद्धि गर्न नसक्नु, प्रदेशले आफूलाई आत्मनिर्भर बनाउन नसक्नु, संघीयताको पूर्ण कार्यान्वयनमा ढिलाइ हुनु, बजेट कार्यान्वयनमा समस्या आउनु, सरकारको अस्थिर नीति, परिवारवाद र नातावाद आदि हुन्। यी कुराको व्यवस्थापन गर्न सके कोशी प्रदेशको समृद्धिको ढोका खुल्न समय लाग्ने छैन।(लेखक त्रिविमा प्राध्यापनरत अर्थशास्त्री हुन्।)

# राजावादीको यो प्रदर्शन, त्यो सुखानी हत्याकाण्ड !



राजकुमार सिग्देल

समयको चक्र पनि कस्तो भने कुनै बेला निरंकुश राजतन्त्रको विरुद्ध लाग्दा तत्कालीन शासकको आदेशमा गोली हानेर हत्यासम्म गरिन्थ्यो। सत्ताको विरोध वर्जित थियो। तर आज समय फेरिएको छ।

फरक के भने त्यतिबेला जस्तो सत्ताको विरोध गर्दा गोली हान्ने परिस्थिति आज छैन। त्यतिबेलाको निरंकुश शासककै पक्षधरहरू सडकमा आएर जनयुद्ध र जनआन्दोलनको बलमा प्राप्त गणतान्त्रिक व्यवस्थालाई खुला रुपमा चुनौती दिइरहेका छन्।

लोकतन्त्रको सुन्दर पक्ष भनेकै यही हो। जहाँ स्वतन्त्रता, मानवअधिकार तथा सबै किसिमका विचारको सम्मान हुने वातावरण छ।

अझ भन्नुपर्दा वर्तमान व्यवस्थामा राजावादीदेखि सबै दलहरूले राजनीतिक स्वतन्त्रता उपभोग निर्धक्कसँग गर्न पाएका छन्। उनीहरूले आफ्ना विचार, विश्वास तथा राजनीतिक गतिविधिहरू स्वतन्त्र रूपमा अभिव्यक्त गर्न, समर्थन गर्न वा विरोध गर्न पाएका छन्। लोकतन्त्रको एउटा महत्त्वपूर्ण विशेषता नै राजनीतिक स्वतन्त्रता हो।

२०२९ साल फागुन २१ गते तत्कालीन राजा नेतृत्वको पञ्चायती शासकले इलाम र झापाको सिमाना रहेको सुखानी जंगलमा झापा किसान आन्दोलनका चर्चित पाँच जना योद्धालाई गोली हानेर मारेका थिए। रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइँकेल, वीरेन राजवंशी र नारायण श्रेष्ठको हत्या भएको थियो र उनीहरू नेकपा झापा समितिले सञ्चालन गरेको 'वर्गशुत्र सफाया' अभियानका योद्धाहरू थिए।

जुन अभियानका नेताहरुमध्ये एक थिए हाल प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली। सोही अभियानमा राधाकृष्ण (आरके) मैनाली, सीपी मैनाली, मोहनचन्द्र अधिकारी, भोगेन राजवंशी लगायत नेताहरू पनि थिए।

पाँच जनाको हत्या भएको उक्त घटनापछि ओली त लामो समय फरार रहे। त्यतिबेलाको व्यवस्था यस्तो थियो कि दलहरू प्रतिबन्धित अवस्थामा थिए भने राजाको विरोधमा लाग्दा जसले जुनसुकै बेला ज्यान गुमाउनु पर्थ्यो।

यद्यपि यो घटना नेपालमा कम्युनिस्ट आन्दोलनको एउटा ऐतिहासिक संघर्षको प्रतीक बन्यो भने नेपाली कम्युनिस्ट पार्टीले हरेक वर्ष फागुन २१ लाई 'सुखानी सहिद दिवस' को रूपमा मनाउने गर्छन्।

संयोग पनि कस्तो भने सोही दिनको स्मरणमा बुधबार एमाले, माओवादीसहितका कम्युनिस्ट पार्टीले सुखानी हत्याकाण्डको स्मरणमा विविध कार्यक्रमहरू गरिरहँदा राजावादी पार्टी राप्रपाले भने राजधानीमा राजा फर्काउनुपर्ने माग गर्दै वृहद मोटरसाइकल ऱ्यालीसहित विरोध सभाको आयोजना गऱ्यो।

तर, अहिले फरक के छ भने सुखानी काण्डको बेलाजस्तो कहालीलाग्दो अवस्था आज छैन। बिना कुनै डरत्रास राजावादीहरूले छाती फुलाएर आफ्नो माग सडकमा प्रस्तुत गर्न पाए भने वर्तमान व्यवस्थाको न्वारनको बल लगाएर विरोध गरे।

यसरी विरोध गर्दा राज्यले राप्रपालाई न कुनै हस्तक्षेप गऱ्यो न त पञ्चायतको जस्तो गोली खानुपर्ने डर नै । उनीहरूले निर्धक्कका साथ आफ्नो माग राख्दै वर्तमान व्यवस्थाको कटु आलोचना गरे। राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन, महामन्त्री धवलशमशेर राणासहितका नेता कार्यकर्ताले सडकमा उभिएर वर्तमान व्यवस्थाको आलोचना गर्दै 'हाम्रो राजा हाम्रो देश, प्राण भन्दा प्यारो छ, राजा आऊ देश बचाउ, भ्रस्ट सरकार मुर्दावाद जस्ता...' नारा मात्रै लगाएनन् यो संघीयता, धर्मनिरपेक्षता समाप्त गरेर पुरानै व्यवस्था फर्काउन लाग्ने समेत उद्घोष गरे। उनीहरूले आम जनताले यो व्यवस्था उल्ट्याउनका लागि भूमिका खेल्नुपर्नेमा समेत जोड दिए।

राप्रपाका महामन्त्री तथा आन्दोलन परिचालन समितिका संयोजक धवलशमशेर राणाले त अब आफूहरू राजतन्त्र फर्काउनका लागि जनआन्दोलन ३ को तयारीमा लागेको समेत बताए। चैत महिनामा लाखौंको संख्यामा जनता उतारेर यो सत्ता, व्यवस्था र अवस्था परिवर्तन गर्नका लागि अगाडि बढेको समेत बताए।

अहिले सत्ताको नेतृत्व गरिरहेका ओली तिनै हुन्, जो सुखानी हत्याकाण्डका हर्ताकर्ता र सोही काण्डपछि ज्यान बचाउन फरार रहनु पऱ्यो। संयोग नै मान्नुपर्छ अहिले तिनै ओली सत्तामा हुँदा समेत ठुलो बलिदानीबाट प्राप्त वर्तमान व्यवस्थाको विरोध गर्न पाएका छन्।

जबकि ओलीलाई त्यो व्यवस्थामा फाँसी चढाइन सक्थ्यो। त्यस्तो व्यवस्था हटाउन जनयुद्ध, दुई पटकसम्म जनआन्दोलन र मधेससहितका अनेकन् आन्दोलन भए। त्यही आन्दोलनहरूको जगमा अहिले गणतन्त्र आएको छ।

आफ्नै अलोकप्रिय गतिविधि र व्यवहारले राजतन्त्र इतिहास बनेको यथार्थ हो। तर, अझै पनि त्यो निरंकुशतन्त्र फर्काउन राजावादीले चलाइरहेको अभियान हेरेर हिजोको त्यो कहालीलाग्दो सुखानी हत्याकाण्ड भोगेर आएका प्रधानमन्त्री ओलीको मानसपटलमा के खेलिरहेको होला ?

## राष्ट्रियसभाबाट पाँच अध्यादेश स्वीकृत

काठमाण्डु । राष्ट्रियसभाको विहिबारको बैठकले पाँचवटा अध्यादेश स्वीकृत गरेको छ।

प्रतिनिधिसभाबाट बुधबार पारित भएका सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१, निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ तथा सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई राष्ट्रियसभाले बहुमतबाट स्वीकृत गरेको हो।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१, निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१ माथि सांसदहरु डा वेदुराम भुषाल, मायाप्रसाद शर्मा, नरबहादुर विष्ट र सुरेशकुमार आले मगरले अध्यादेश अस्वीकार गरियोस् भन्ने प्रस्ताव पेश गर्नुभएको थियो। उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको छ।

यस्तै सांसदहरु मदनकुमारी शाह 'गरिमा' र झक्कुप्रसाद सुवेदीले निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१ अस्वीकार गरियोस् भन्ने प्रस्ताव आजको बैठकमा पेश गर्नुभएको थियो। उक्त प्रस्ताव पनि बहुमतले अस्वीकृत भएको छ।

आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ माथि गङ्गाकुमारी बेलवासे, विष्णुबहादुर विश्वकर्मा, मनरुपा शर्मा र घनश्याम रिजालले अस्वीकार गरियोस् भन्ने प्रस्ताव राख्नुभएको थियो। उक्त प्रस्ताव पनि अस्वीकृत भएको छ।

त्यसैगरी सांसदद्वय जगप्रसाद शर्मा र राजेन्द्रलक्ष्मी गैरेले सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्वीकार गरियोस् भनी प्रस्ताव

> यस्तै सांसदहरु मदनकुमारी शाह "गरिमा" र झक्कुप्रसाद सुवेदीले निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१ अस्वीकार गरियोस् भन्ने प्रस्ताव आजको बैठकमा पेश गर्नुभएको थियो ।

राख्नुभएको थियो। उक्त प्रस्ताव पनि बहुमतले अस्वीकृत भएको छ।राष्ट्रियसभाको अर्को बैठक यही फागुन २३ गते शुक्रबार दिउँसो १ः १५ बजे बस्ने छ।रासस

# स्वर्गद्वारी गुठी पीडित किसानको माग सम्बोधन गर्नुपर्नेमा जोड

काठमाण्डु । प्रतिनिधिसभाको विहिबारको बैठकमा सांसदहरूले स्वर्गद्वारी गुठी पीडित किसानको माग सम्बोधन गर्नुपर्नेमा जोड दिनुभएको छ।

बैठकको विशेष समयमा सांसद मेटमणि चौधरीले स्वर्गद्वारी गुठी पीडित किसानको माग सम्बोधन गर्ने सम्बन्धमा सरकारले कुनै पहल नगरेको भन्दै यथाशीघ्र समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो। स्वर्गद्वारी गुठीको समस्या समाधान गर्न सदनको पनि ध्यानाकर्षण गराउँदै यससम्बन्धी तत्काल कानुन ल्याउनु जरुरी रहेकामा जोड दिँदै उहाँले कानुन अनुसार कदम चाल्न सरकारको पनि ध्यानाकर्षण गराउनुभयो।

सांसद रञ्जुकुमारी झाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा नियमअनुसार महिलाले सचिव हुने अवसर आएको बेला त्यसो हुन नसकेकामा गुनासो गर्नुभयो। उहाँले कुनै पनि अर्थमा महिलालाई अवसरबाट वञ्चित गराउने काम नगर्न/नगराउन सम्बन्धि सबैलाई आग्रह गर्नुभयो।

सांसद अब्दुल खानले नक्कली नोट छाप्ने र ठगी गर्ने गिरोहका नाइकेलाई सप्तरीको स्थानीय प्रशासनले चासो देखाउन नसकेको भन्दै आपत्ति प्रकट गर्नुभयो। उहाँले बर्दियाका नागरिकले स्वास्थ्य सुविधा पाउन नसकेका गुनासो आइरहेका भन्दै तत्काल समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद रेखा यादवले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा नियमअनुसार डा सङ्गीता मिश्रलाई सचिवमा बढुवा नगरिएकामा आपत्ति प्रकट गर्नुभयो। उहाँले डा मिश्रको नाम पहिलो नम्बरमा सिफारिस हुँदासमेत सचिव नबनाएर समावेशिताको सिद्धान्त पालना नभएको आरोप लगाउनुभयो।

सांसद रामप्रकाश चौधरीले केही दिन पहिले जङ्गली हात्तीको समूहले लालबन्दीमा किसानको खेतीबाली नष्ट पारेकाले क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने माग गर्नुभयो। उहाँले स्थानीय किसानद्वारा उत्पादित तरकारीको प्रशोधन गर्ने उद्योग र चिस्यान केन्द्र (कोल्डस्टोर)को प्रबन्ध गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद प्रेम सुवालले आफूहरू सत्तापक्ष र प्रतिपक्षको खबरदारी गर्दै सच्चा रूपमा प्रतिपक्षीको भूमिका निर्वाह गरेको उल्लेख गर्दै सहिदको वास्तविक सम्मान हुने वातावरण बनाउनुपर्ने बताउनुभयो। मानवअधिकारको गम्भीर उल्लङ्घन गर्नेलाई सरकारले कानुनी दायरामा ल्याएर कारबाही गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

सांसद चित्रबहादुर केसीले नेपाल प्राकृतिक दृष्टिले सम्पन्न मुलुक हो भन्दै प्राकृतिक स्रोत तथा साधन उपयोग गर्नुपर्ने, ठूलो मात्रामा रहेको यूरोनियमको भण्डारलाई सदुपयोग गर्नुपर्ने बताउनुभयो।

सांसद सिताकुमारी रानाले देशभरका सुकुम्बासीलाई व्यवस्थापन गर्ने, व्यवस्थित बसोबासको प्रबन्ध गर्नुपर्ने माग गर्नुभयो। सुकुम्बासी समाधान आयोगलाई पूर्णता दिन र तत्काल भूमिहिनलाई भूमि उपलब्ध गराउन उहाँले आग्रह गर्नुभयो।

सांसद महेश बस्नेत, सिता मिजार, मैना कार्कीले विशेष समयमा राष्ट्रिय तथा स्थानीय समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

**'अधुरा आयोजनालाई पर्याप्त बजेट विनियोजन गरौं'**

प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरुले आगामी आर्थिक वर्षको बजेटमा अधुरा आयोजनालाई पर्याप्त बजेट विनियोजन गर्नुपर्ने धारणा राख्नुभएको छ।



दलीय आधारमा आफ्ना धारणा राख्नेक्रममा नेपाली कांग्रेसका सांसद श्यामकुमार घिमिरेले आगामी आर्थिक वर्षको बजेटमा क्रमागत र अधुरा आयोजनालाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो । "अधुरा आयोजना पूरा गर्ने गरी आगामी आर्थिक वर्षको बजेट बनाउन केन्द्रित होऔँ", सांसद घिमिरेले भन्नुभयो।

निर्वाचन क्षेत्र रणनीतिक सडक आयोजनाको काम अलपत्र परेको उल्लेख गर्दै सांसद घिमिरेले यी सडक आयोजनाका लागि आगामी आर्थिक वर्षमा पर्याप्त बजेट विनियोजन गर्नुपर्ने बताउनुभयो। विश्वविद्यालय ऐन चाँडो कार्यान्वयनमा ल्याउनुपर्नेमा उहाँले जोड दिनुभयो।

बैठकमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद लीलानाथ श्रेष्ठले वर्तमान सरकार गठन भएपछि विविध समस्या समाधान भएको दाबी गर्नुभयो । "वर्तमान सरकार बनेपछि उखु किसान, दुग्ध किसानले उत्पादनको भुक्तानी पाएका छन् । विकास निर्माण कम्पनीहरुका रकम भुक्तानी भएका छन्", उहाँले भन्नुभयो, "अहिलेको सरकार गठन हुँदै गर्दा मुलुकको अर्थतन्त्रको अवस्था अत्यन्त दयनीय थियो । त्यसलाई सही दिशामा ल्याइएको छ।"

पछिल्लो समय समाजमा अराजकता र उद्दण्डताले प्रश्रय पाएको उहाँको भनाइ छ । "सामाजिक सञ्जालमा हेर्नै नसकिने शब्द लेखिएका छन् । सम्माननीय व्यक्तिहरु माथि सुन्नै नसकिने शब्द प्रयोग भएका छन्," उहाँले भन्नुभयो। लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको विकल्प नरहेको स्पष्ट पार्दै उहाँले नागरिकको हितका लागि एकजुट भइ अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद हितबहादुर तामाङले विद्यमान सरकार नेपाली नागरिकप्रति जिम्मेवार र जवाफदेही हुन नसकेको आरोप लगाउनुभयो । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका विषयमा सरकारले गरिरहेको काम सही नभएको धारणा उहाँले राख्नुभयो । वर्तमान सरकारले आफूले नियुक्ति गरेको मान्छे होइन भन्दैमा घिसिङ माथि अत्याचार गर्न नहुने उहाँको भनाइ छ। त्यसैगरी 'डेडिकेटेड' र 'ट्रङ्कलाइन'को महशुल विवाद टुङ्ग्याउन सरकारले गरिरहेका प्रयास बारे उहाँले प्रश्न गर्नुभयो । संसद्मा विचाराधिन विधेयकमाथिको छलफल र पारित गर्ने प्रक्रियामा शीघ्रता दिनुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो। सङ्घीय निजामती सेवा ऐन, प्रहरीसँग सम्बन्धित विधेयक छिटो टुङ्ग्याउन उहाँले आग्रह गर्नुभयो।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद शिशिर खनालले न्याय निरुपणमा असर पार्ने विषयमा सदनमा छलफल नचल्ने व्यवस्था भएपनि आफ्नो दलको सभापतिको विषयमा संसद्मार्फत् विभिन्न आरोप लगाइएको बताउनुभयो। विभिन्न अदालतमा न्याय निरुपणका रुपमा रहेको रास्वपा सभापति रवि लामिछानेको मुद्दाका बारे संसद्मा अनेक टिकाटिप्पणी हुने गरेको उहाँको भनाइ छ। संसद् माथि सत्ताको छायाँ छ कि भन्ने प्रश्न उठेको पनि खनालले बताउनुभयो। उच्चस्तरीय न्यायिक समिति बनाएर सबै सांसद र राजनीतिमा सक्रिय व्यक्तिको सम्पत्तिको छानबिन गरिनुपर्ने पनि उहाँको भनाइ छ। रास्वपा सभापति रवि लामिछाने माथिको निलम्बन फुकुवा गर्न उहाँले आग्रह गर्नुभयो।

> "
> सांसद चन्द्रबहादुर विश्वकर्माले भारतका विभिन्न स्थानमा राम्रो जागिर लगाइदिने भन्दै नेपाली युवाबाट पैसा असुली गर्ने गिरोह सक्रिय रहेको बताउनुभयो । अवैध नेटवर्किङ धन्दामार्फत् नेपाली युवालाई फसाउन काम भइरहेको उहाँको भनाइ छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनले ताप्लेजुङको पाथीभरा क्षेत्रमा पक्राउ परेका 'नो केबलकार समूह'का व्यक्तिको रिहाइको माग गर्नुभयो। ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले आजको बैठकमा गलत तथ्य पेश गरेको उहाँको आरोप छ।

विद्युत् प्राधिकरणका प्रमुख कुलमान घिसिङलाई कार्यसम्पादनमा कमजोर देखाएर हटाउन खोजेको सरकारले आफ्ना मन्त्रीहरुको कार्यसम्पादनबारे भने बेवास्ता गरेको लिङ्देनको भनाइ छ।

"कार्यसम्पादन फाराम ढिला बुझाएकै आधारमा घिसिङलाई अङ्कसमेत नदिई हटाउन खोजिएको छ। तर सरकार र मन्त्रीको कार्यसम्पादन मूल्याङ्कनमा पनि उतीर्ण अङ्क आएको देखिँदैन", उहाँले भन्नुभयो, "कि त कमजोर मन्त्रीलाई हटाउनुपर्‍यो कि त सरकारले नैतिकताका आधारमा राजीनामा दिनुपर्‍यो।" सरकारलाई मन नपरेको कुनै निरीह कर्मचारीलाई दण्ड चलाउने काम आफ्नो दललाई मान्य नहुने उहाँको भनाइ छ।

**विकासमा विभेद हुने गरेको सांसदहरूको गुनासो**

प्रतिनिधिसभाको विहिबारको बैठकमा शून्य समयमा बोल्नेक्रममा सांसदहरुले शक्ति र पहुँचका आधारमा बजेट विनियोजन हुने गरेको र विकासमा विभेद हुने गरेको गुनासो गरेका छन्।

सांसद अनिसा नेपालीले राजनीतिक अस्थिरताका कारण विकास योजना प्रभावित बनेको धारणा राख्नुभयो । विकासमा पनि दलीय विभेद हुनेगरेको उहाँको भनाइ छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट ल्याउँदा विकास योजना छनोट र रकम विनियोजनमा विभेद नगर्न उहाँले आग्रह गर्नुभयो। त्यसैगरी सांसद अम्मरबहादुर थापाले मुलुकको हितमा भन्दा पनि कुनै व्यक्ति वा समूहलाई लाभ मिल्ने गरी बजेटमा योजना पारिने बताउनुभयो । शिक्षा, स्वास्थ्य, कृषिलगायत उत्पादनका क्षेत्रमा बजेट केन्द्रित गरिनुपर्ने उहाँको भनाइ छ । वितरणमुखी बजेट रोक्न उहाँले आग्रह गर्नुभयो।

सांसद अम्बरबहादुर रायमाझीले चालु आर्थिक वर्षको बजेटमा परेका अधिकांश योजना अहिलेसम्म पनि कार्यान्वयनमा आउन नसकेको र निर्माणको काम अलपत्र परेको बताउनुभयो । ठेक्का प्रक्रियामा भएको ढिलाइ र ठेकेदारले आयोजना अलपत्र पार्दा समस्या भएको उहाँको भनाइ छ ।अर्का सांसद अर्जुन नरसिंह केसीले नेपाल स्टक एक्सचेञ्ज (नेप्से) को प्रमुख कार्यकारी अधिकृत नियुक्तिमा बिचौलिया हावी भएको आरोप लगाउनुभयो । उहाँले निजी क्षेत्रलाई नयाँ स्टकको लाईसेन्स दिनुअघि नेप्सेको पुनःसंरचना आवश्यक पर्ने बताउनुभयो।

सांसद अशोककुमार चौधरीले थारुहरुको हकका लागि भएका व्यवस्थाको कार्यान्वयन हुन नसकेको बताउनुभयो। थारु समुदायको पहिचान र अधिकारको सुनिश्चितताका लागि उहाँले संसद्मार्फत् सरकारको ध्यानाकर्षण गराउनुभयो ।सांसद आश्माकुमारी चौधरीले दाङमा निर्माणाधीन सडक पुलमा भएको ढिलासुस्तीको विषयबारे संसद्मा कुरा उठाउनुभयो।

अर्का सांसद असिम शाहले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई सरकारले कार्यसम्पादनमा शून्य अङ्क दिएर अपमान गरेको बताउनुभयो । राम्रो गर्नेलाई सरकारले नियतवश र पूर्वाग्रही भएर दुःख दिइरहेको उहाँको आरोप छ।सांसद आशा विकले बाँकेमा औद्योगिक क्षेत्र घोषणा भएका स्थानको जग्गा विवाद चाँडो टुङ्गाउनुपर्ने बताउनुभयो।

सांसद ईश्वरबहादुर रिजालले पछिल्ला दिनमा संसद्मा अशिष्ट, संसदीय र अमर्यादित शब्द प्रयोग गर्ने क्रम बढेको बताउनुभयो।सांसद ईश्वरी घर्तीले अध्यादेश पारित गर्दा सत्तापक्षसँगका सांसद माथि सांसद किनबेचको आरोप लागेको उल्लेख गर्नुहुँदै त्यसलाई पुष्टि गर्न चुनौती दिनुभयो। अध्यादेश पारित गर्नका लागि सांसद किनबेच भएको र आर्थिक चलखेल भयो भनेर संसद्मै विषय उठेको बताउनुहुँदै उहाँले यस्तो आरोपमा सत्यता नरहेको स्पष्ट पार्नुभयो।

सांसद ईश्वरीदेवी न्यौपानेले योगमाया न्यौपानेलाई राष्ट्रिय विभूति घोषणा गर्न माग राख्नुभयो।

अर्का सांसद उर्मिला माझीले मेलम्ची खानेपानी आयोजनाका पाइप पटक-पटक फुटेर त्यसले पारिरहेको असर बारे संसद्मा कुरा उठाउनुभयो । कसको कमजोरीका कारण पटक-पटक पाइप फुटेको हो भनेर छानबिन गरिनुपर्ने उहाँको भनाइ छ।

अर्का सांसद डा चन्दा कार्की भण्डारीले मेलम्ची खानेपानीको मुहान असुरक्षित र वितरण प्रणाली अस्तव्यस्त रहेको बताउनुभयो । पाइपको गुणस्तर कमजोर रहेको हुनसक्ने बताउँदै गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना गरिनुपर्ने धारणा उहाँले राख्नुभयो।

सांसद एकनाथ ढकालले संसद्को प्रभावकारितामा जोड दिनुभयो । निर्माणाधीन नयाँ संसद् भवनमा सबै सांसदलाई कार्यकक्षको व्यवस्था गरिनुपर्ने माग उहाँले राख्नुभयो।

सांसद कान्तिका सेजुवालले नेपालमा प्रयोग भइरहेको नुनमा आयोडिनको मात्रा बढी भएको विषय संसद्मा उठाउनुभयो । सरकारी प्रयोगशालामा परीक्षण गर्दा अत्यधिक मात्रामा आयोडिन रहेको पुष्टि भएको र यसले स्वास्थ्य समस्या निम्ताउन सक्ने उहाँको भनाइ छ।सांसद कालुराम राईले संसदको काम कानून बनाउने र स्थानीय तहले विकास निर्माणका काममा केन्द्रित हुनुपर्ने धारणा राख्नुभयो । सांसद किरणकुमार साहले सरकारी स्वामित्वको गौरस्थित राइस मिलको जग्गा व्यक्तिको नाममा दर्ता गर्ने प्रपञ्च भइरहेको बताउनुभयो।

सांसद गणेश पराजुलीले चक्रपथको दोस्रो खण्डको निर्माणमा ढिलाइ भएको विषय उठाउनुभयो । नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धान र कारबाही प्रक्रिया कहाँ पुगेको छ ? भनेर समेत उहाँले सरकारसँग प्रश्न गर्नुभयो।सांसद गोकुलप्रसाद बाँस्कोटाले बाढी पहिरोको जोखिम भएका बस्ती सार्नका लागि सुरक्षित स्थानमा जमिनको व्यवस्था मिलाइनुपर्ने बताउनुभयो । काभ्रेका विभिन्न स्थान बाढीको जोखिममा रहेकाले त्यहाँका बासिन्दालाई अन्यन्त्र सार्न अति आवश्यक रहेको उहाँको भनाइ छ।

सांसद गंगा कार्कीले दोलखा-लामबगर-लप्ची नाका खोल्नका लागि काम अघि बढिसकेको बताउनुहुँदै यसमा शीघ्रता दिइनुपर्ने बताउनुभयो । त्यस्तै, बाढीले क्षति पुर्‍याएका सडक निर्माणको पुनःर्निमाणलाई तीव्रता दिनुपर्ने उहाँको भनाइ छ ।सांसद गंगाप्रसाद यादवले सिरहामा भूमिगत पानीका स्रोत सुक्दै गएको र पानीको अभाव सृजना भएको बताउनुभयो ।सांसद चन्द्रकान्त भण्डारीले सरकारमा रहेका व्यक्तिलाई प्रश्न गरेकै आधारमा पत्रकारको पास रद्द भएको विषय संसदमा उठाउनुभयो।

सांसद चन्द्रबहादुर विश्वकर्माले भारतका विभिन्न स्थानमा राम्रो जागिर लगाइदिने भन्दै नेपाली युवाबाट पैसा असुली गर्ने गिरोह सक्रिय रहेको बताउनुभयो । अवैध नेटवर्किङ धन्दामार्फत् नेपाली युवालाई फसाउन काम भइरहेको उहाँको भनाइ छ ।सांसद छिरिङ डम्डुल लामा भोटेले नेपाल विद्युत् प्राधिकरणबाट कुलमान घिसिङलाई हटाउने र बिचौलिया तथा दलाललाई प्रश्रय दिने शैलीमा सरकारले काम गरिरहेको आरोप लगाउनुभयो।

सांसद छिरिङ ल्हामु लामा (तामाङ)ले सरकारले लोकतन्त्रको धज्जी उडाएर मनोमानी रूपमा काम गरिरहेको आरोप लगाउनुभयो । अहिलेका शासकबाटै लोकतन्त्र सङ्कटमा परेको उहाँको भनाइ छ ।सांसद जावेदा खातुन जागाले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा सौर्य एअरलाईन्सको जहाज दुर्घटनाका मृतकका परिवारले हालसम्म पनि क्षतिपूर्ति नपाएको विषय संसद्मा उठाउनुभयो ।रासस

# वर्तमान सरकार लोकतन्त्रमाथि विश्वास गर्छः सञ्चारमन्त्री गुरुङ

काठमाण्डु । राष्ट्रियसभाको विहिबारको बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले वर्तमान सरकार लोकतन्त्रमाथि विश्वास गर्ने भएकाले सरकारलाई निरङ्कुश भन्ने कुरा मिथ्या आरोप भएको बताउनुभएको छ।

'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ का सम्बन्धमा अस्वीकार गरियोस्' भन्नेमा सांसद गोपीबहादुर सार्की अछामी, सांसद जगतबहादुर पार्की, सांसद राधेश्याम पासवान र सांसद उदयबहादुर बोहोराले प्रस्ताव पेस गर्नुभएको थियो।



सोही प्रस्तावमाथि छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री गुरुङले वर्तमान सरकार सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मूलभूत सिद्धान्तप्रति प्रतिबद्ध रहेको बताउनुभयो । सरकारले ल्याएका अध्यादेश सबैको आवश्यकताका रूपमा रहेका उहाँको भनाइ छ।

उहाँले भन्नुभयो, "राज्य सबैको हो। मुलुकको समस्याका रूपमा रहेका ढिलासुस्ती, कुशासन, अनियमियतता हटाएर सुशासन कायम गर्न र विश्वासको माध्यमबाट समृद्धिको लक्ष्य निमाण गर्न यो अध्यादेश ल्याइएका हो।"

मन्त्री गुरुङले भन्नुभयो, "यो सरकार लोकतान्त्रिक पद्दतिमा विश्वास गर्दछ।

सङ्घीय लोकतन्त्रका मूलभूत सिद्धान्तको रक्षा गर्नेमा सरकार प्रतिबद्ध छ।

संसद्लाई गरिमामय र मर्यादित बनाउनुपर्नेमा प्रतिबद्ध छौँ । तर्कअनुसार उक्त प्रस्ताव अस्वीकार गर्नुपर्नेमा कुनै औचित्य देखिएन। निरङ्कुशता बढ्यो भन्नु मिथ्या आरोप हो।"रासस

# सरकारका विरुद्धमा गलत भाष्य निर्माण गर्न खोजियो : मन्त्री अधिकारी

मध्यविन्दु । कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले वर्तमान सरकारका विरुद्धमा गलत भाष्य निर्माण गर्न खोजिएको बताउनुभएको छ।

नवलपरासी (बर्दघाट सुस्तापूर्व) को मध्यविन्दु नगरपालिकामा कृषि प्रविधि प्रदर्शनी तथा रैथाने खाना महोत्सवको उद्घाटन गर्नुहुँदै मन्त्री अधिकारीले सरकारका असल कामबाट आत्तिएर केही समूहले भ्रमको खेती गरेको आरोप लगाउनुभयो।

"केही समूहले प्रमुख दुई दल मिलेर बनेको सरकारले सबै कुरा बिगारेको जस्तो गरी गलत प्रचार गरेका छन्", उहाँले भन्नुभयो । मन्त्री अधिकारीले वर्तमान सरकारले जनताको हितमा काम गर्ने प्रतिबद्धतासहित गठबन्धन गरेकाले २०८४ सालसम्ममा आर्थिक समृद्धिको आधार तय हुने बताउनुभयो। अहिले देखिएको आर्थिक मन्दी अन्त्यका लागि कृषि उत्पादन वृद्धि गर्दै बजारीकरणको जिम्मा सरकारले लिनेगरी योजना बनेको उहाँले बताउनुभयो।



"हामी २०८४ सालसम्ममा समृद्धिको ढोका खोल्ने सङ्कल्पसहित सरकारमा आएका हौँ", मन्त्री अधिकारीले भन्नुभयो, "गाउँगाउँमा समृद्धि कसरी गर्न सकिन्छ, कृषिबाट के गर्न सकिन्छ भन्नेबारे सरकार चिन्तनशील छ, पक्कै सबैले अनुभूति हुनेगरी प्रगति हुनेछ।"कृषकले गरेको कामको व्यवस्थापनका लागि मन्त्रालयबाट गर्न सकिने सहयोगका लागि आफू तयार रहेको मन्त्री अधिकारीले बताउनुभयो । कृषकले केही आम्दानी हुने आसमा गरेको खेती बाट नाफा नै हुन्छ भन्ने नरहेकाले घाटामा जाँदा सरकारले हेर्छ है भन्ने विश्वास दिलाउन लागिपरेको उहाँको भनाइ थियो। रासस

# हमासले बन्धकलाई रिहा नगरे 'नारकीय' परिणाम भोग्न तयार हुनुपर्नेः ट्रम्प

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार गाजामा युद्धरत प्यालेष्टिनी समूहलाई बन्धक त्याग्न वा 'नरक'को सामना गर्न तयार रहनुपर्ने चेतावनी बुधबार राति दिनुभएको छ । उहाँले हमास लडाकू समूहको नेतृत्वलाई गाजा क्षेत्र खाली गर्न पनि निर्देशन दिनुभएको छ ।

ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा गरेको पोस्टमा भन्नुभएको छ, "सही निर्णय लिनुहोस्। बन्धकहरूलाई अहिले नै छोडिदिनुहोस्, नत्र पछि यसको परिणाम नरक हुनेछ!"

उहाँले भन्नुभएकोछ, "गाजाका जनताका लागि एक सुन्दर भविष्यले पर्खिरहेको छ तर यदि तपाईं बन्धकहरू रिहा गर्नुभएन भने त्यो सम्भव हुने छैन ।"

सोही पोस्टमा अमेरिकी नेताले हमासलाई भन्नुभएको छ, "सबै बन्धक र तपाईंले हत्या गरेका मानिसहरूका सबै शवहरू पछि होइन तुरून्तै अहिले नै फिर्ता गर्नुहोस्।"

"यो तपाईंको लागि अन्तिम चेतावनी हो! हमाससँग तपाईंसँग अझै पनि अवसर छ त्यो हो यसले अब गाजा छोड्ने समय आएको छ," उहाँले लेख्नुभएको छ।

उहाँले अगाडि लेख्नुभएको छ, "म इजरायललाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने सबै कुरा पठाउँदैछु, यदि तपाईंले मैले भनेजस्तो गर्नुभएन भने हमासका कुनै पनि सदस्य सुरक्षित हुनेछैनन् ।"

सन् २०२३ को अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको आकस्मिक आक्रमणमा पक्राउ परेका मध्ये पाँच जना अमेरिकी पनि रहेको विश्वास गरिएको छ । तीमध्ये चार जनाको मृत्यु भएको पुष्टि भएको छ भने अर्का एडान अलेक्जेन्डर जीवितै रहेको बताइएको छ ।

इजरायली जेलमा रहेका प्यालेस्टिनी कैदीहरूका लागि इजरायली बन्धकहरूको आदानप्रदान सहित छ हप्ताको सापेक्षिक शान्तिपछि युद्धविरामको पहिलो चरण गत सप्ताहन्तमा समाप्त भएको थियो।

इजरायलले पहिलो चरण अप्रिलको मध्यसम्म लम्ब्याउन चाहेको बताइरहँदा हमासले भने दोस्रो चरणमा प्रवेश गर्नुपर्नेमा जोड दिएको छ।

-अमेरिकासँग प्रत्यक्ष वार्ता-

हमासका अधिकारीहरूले बुधबार गाजामा बन्धक बनाइएका व्यक्तिलाई मुक्त गर्ने सम्बन्धमा अमेरिकी दूतसँग प्रत्यक्ष वार्ता गरेको बताएका छन्।

"हमास र विभिन्न अमेरिकी सञ्चार च्यानलबीच धेरै पटक कुराकानी भएको र पछिल्लो पटक इजरायलका लागि अमेरिकी राजदूतसँग वार्ता भएको छ र अमेरिकी नागरिकता लिएका इजरायली जीवित र मृतक दुवै कैदीको विषयमा छलफल भएको छ," हमासका एक अधिकारीले नाम नबताउने शर्तमा भन्नुभयो ।

हमासका अन्य वरिष्ठ अधिकारीले 'हालैका दिनमा दोहामा हमास र अमेरिकी अधिकारीबीच दुई पटक प्रत्यक्ष बैठक भएको' पुष्टि गरेका छन् ।



# भारतको आकाशमा अमेरिका र रुसका लडाकु विमानबीच 'प्रतिस्पर्धा'

बीबीसी

काठमाण्डु । आफ्नो हवाई सेनाको आधुनिकीकरणका क्रममा भारतका सामु महत्त्वपूर्ण छनोटको समय आएको छ - तर के अत्याधुनिक अमेरिकी लडाकु विमान त्यसको जबाफ हो?

गत महिना वाशिङ्गटनको भ्रमणका बेला प्रधानमन्त्री नरेन्द्र मोदीले अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पलाई भेटे। त्यहाँ अमेरिकाले भारतलाई एफ-३५ विमान बेच्ने गरी तारतम्य मिलाउँदै गरिएको ट्रम्पले बताए। उक्त लडाकु विमान अमेरिकाले उसका निकट साझेदारहरूलाई मात्र बेच्ने गर्छ।

एफ-३५ 'पाँचौं पुस्ता'को लडाकु विमान हो जसमा पछिल्ला सेन्सरहरू, एआई-निर्देशित कम्ब्याट प्रणाली अनि सहज डेटा शेरिङ्गो क्षमता जडित छन्। रेडारलाई छल्न सक्ने गरी बनाइएको यो विमान अहिलेसम्मकै परिष्कृत हो - तर एउटा विमानको मूल्य आठ करोड डलर पर्ने हुँदा सबैभन्दा महँगो पनि हो। दुस्मनले भेउ नपाउने गरी उड्न सक्नु 'पाँचौं पुस्ता'का 'स्टेल्थ' लडाकु विमानहरूको एउटा प्रमुख विशेषता हो।

आफ्नो लडाकु विमानहरूको भण्डार खुम्चँदै गर्दा अनि चीनको सेना चाहिँ विस्तार हुँदै गर्दा भारतका सामु अति महत्त्वपूर्ण छनोट गर्नुपर्ने अवस्था छः या त अत्याधुनिक तर अति महँगो अमेरिकी एफ-३५ मा लगानी गर्ने या त रुससँगको स्थापित रक्षा सम्बन्ध सुदृढ पार्दै उसको अत्याधुनिक लडाकु विमान सुखोइ एसयू-५७को स्थानीय उत्पादन गर्ने। गत महिना भारतको दक्षिणी सहर बङ्गलुरुमा भएको एशियाको सबैभन्दा ठूलो हवाई प्रदर्शनमा दुवै थरी जेट देखिएपछि भारतीय आकाशमा अमेरिकी-रुसी लडाकु विमानको सङ्घर्षबारे सञ्चारमाध्यमहरूले बढाइचढाइ गरे - तर वास्तविकता त्यति सहज नभएको विज्ञहरू बताउँछन्।

ट्रम्पले राखेको एफ-३५को प्रस्ताव व्यावहारिकभन्दा प्रतीकात्मक बढ्ता भएको कार्नजी इन्डावमेन्ट फर इन्टरन्याशनल पिसका वरिष्ठ अनुसन्धानकर्ता एस्ले जे टेलीसले बताए। उनका अनुसार अमेरिकी हतियार बेच्ने ट्रम्पको चाहनाले उक्त प्रस्ताव आएको हो।

'पाँचौं पुस्ता'का विमानलाई भारतीय वायुसेनामा सम्मेलन गर्ने योजना - हाल जसको केन्द्रमा घरेलु एड्भान्स्ड मिडियम कम्ब्याट एअरक्राफ्ट (एएमसीए) र थप रफाल विमानहरू छन् - लाई यस (अमेरिकी विमान लिने कार्य)ले चुनौती पेस गर्ने छ किनकि यसमा सह-उत्पादनका अधिकार हुने छैनन्। भारतको डिफेन्स रिसर्च एन्ड डिभलपमेन्ट अर्गनाइजेशन (डीआरडीओ)ले विकास गर्दै आएको एएमसीए भारतको घरेलु स्टेल्थ फाइटर जेट हो। "एफ-३५को हकमा सह-उत्पादनका सुविधा हुने सम्भावना कम छ। यसको सोझो विक्री मात्र हुने छ। तर मोदीको मेक इन इन्डिया नारासँग यो मेल नखान सक्छ। साथै एफ-३५को उपयोगमा हुने अनुगमनलाई पनि भारतले नरुचाउन सक्छ," टेलीसले भने।

चर्को मूल्य, मर्मतसम्भार तथा सञ्चालनका जटिल विषय एफ-३५ किन्ने मार्गका चुनौती हुन्। सुरक्षाविद् स्टिभन ब्रायन भन्छन्, "प्रश्न के हो भने के भारत एफ-३५मा अर्बौं रुपैयाँ लगानी गर्न इच्छुक होला जब उसलाई थाहा छ रुसी जेट किन्दा राम्रो होला भनेर।"

कतिपयले चाहिँ एसयू-५७ अमेरिकी विमानको प्रतिस्पर्धी नहुन सक्ने ठान्छन्। किनभने रुससँगको दशकौं पुरानो सह-उत्पादन कार्यक्रमबाट सन् २०१८ मै भारत बाहिरिसकेको छ - प्रविधि हस्तान्तरण, लागत बाँडफाँट तथा मापदण्डहरूमा उत्पन्न विवादका कारण ।

निश्चय नै भारतको वायु सेनाको समयानुकुल विकास भइरहेको छैन र ऊसँग लडाकू विमानको अभाव छ। उसले ३१ वटा लडाकु विमान तथा कम्ब्याट स्क्वाड्रन सञ्चालन गर्छ - मुख्यतः रुसी तथा सोभियतकालका विमान जुन तोकिएको ४२ भन्दा निकै कम हो। एउटा प्रमुख चुनौती भनेको भारतीय वायुसेना धेरै भर पर्दै आएको रुसी सुखोइ-३० को दीर्घकालीन विकल्प छान्नु हो।

अल्बानी विश्वविद्यालयका राजनीतिशास्त्री क्रिस्टोफर क्लेरीले आईएसएस मिलिटरी ब्यालेन्स फर इन्डियाको एउटा आश्चर्यजनक आँकडा हालै औंल्याएः सन् २०१४ र २०२४ को बीचमा चीनले ४३५ लडाकु विमान तथा ग्राउन्ड अट्याक विमान थप्यो, पाकिस्तानले ३१ वटा थप्यो। तर भारतको चाहिँ १५१ वटा संख्या घट्यो।

भारतको लडाकु विमान विस्तारको योजना विशेष गरी स्वदेशमै निर्भर छ। मुख्यतः लाइट कम्ब्याट एअरक्राफ्टसहित ५०० विमान हासिल गर्ने उसको योजना छ। त्रियासीवटा तेजास मार्क १ए को खरिद आदेश पुष्टि भइसकेको छ भने थप ९७ वटाका निम्ति आदेश चाँडै हुने अपेक्षा छ।थप आधुनिक मार्क २ चाहिँ अहिले विकासकै क्रममा छ। स्वदेशी स्टेल्थ विमान कम्तीमा एक दशक टाढा छ।

भारतीय वायुसेनाको २० अर्ब डलर बराबरको मल्टीरोल फाइटर एअरक्राफ्ट (एमआरएफए)कार्यक्रम छ जसअन्तर्गत ११४ वटा विदेशी लडाकू विमान किन्ने योजना छ। तर यसका लागि तिनको उत्पादन भारतमै गरिनु पर्छ र त्योसँगै प्रविधि हस्तान्तरण पनि हुनुपर्छ। यी शर्त यस योजना कार्यान्वयनका निम्ति सबैभन्दा ठूला तगारा देखिएका छन्।

सरकार-सरकारबीच गरिएको सहमतिबमोजिम ३६ वटा (फ्रेन्च लडाकु विमान) रफालको खरिदमा उत्पन्न विवादपश्चात् भारतीय सरकारले पारदर्शी र अविवादित खरिद प्रक्रिया खोजिरहेको छासन् २०१९ देखि रोकिएको सो प्रक्रियामा अहिले पाँच थरी जेट प्रतिस्पर्धामा छन्, र भारतीय वायुसेनामा अहिले नै सञ्चालनमा भएका कारण रफाल त्यसमा अग्रणी देखिन्छ। विज्ञहरूले भारतीय वायु सेनाको आधुनिकीकरणको दिशामा तीन मुख्य तगारा रहेका बताउँछन्ः स्रोत अभाव, ढिलाइ र विदेशी जेटमा निर्भरता।

भारतको रक्षा खर्च यथार्थमा घट्दो छ। विदेशी लडाकु विमान कार्यक्रम लम्बिने जोखिम छ। घरेलु उत्पादनलाई प्राथमिकता दिइए तापनि डीआरडीओको ढिलाइका कारण तत्कालका आवश्यकता पूर्ति गर्न विदेशी जेट किन्नुपर्ने बाध्यता छ र यो क्रम चलिरहेको छ। यो क्रमभङ्ग गर्न क्षमतायुक्त स्वदेशी जेटको समयमा आपूर्ति हुन जरुरी छ।जेनरल इलेक्ट्रिकको एफ-४०४ जेट इन्जिनको आपूर्ति रोकिँदा पनि यो ढिलाइ भइरहेको हो।

रक्षामन्त्रालयको दुरदृष्टि र भारतीय वायुसेनाको आवश्यकताबीच देखिएको भिन्नता नै मुख्य चुनौती रहेको युरेसिया ग्रुप नामक भूराजनीतिक जोखिम परामर्शदातृ संस्थाका विश्लेषक राहुल भाटियाले बताए। तेजास मार्क १ बारे वायुसेनाले दिएको सुरुवाती शङ्कामिश्रित टिप्पणीपश्चात् त्यसलाई परिष्कृत गरेर मार्क १ए र मार्क २ बनाइँदै छन्। "तर दशकौं लामो विकास चक्रले सेनालाई दिक्क बनाएको छ। उनीहरूको आवश्यकता बदलिँदो छ र नयाँ प्रविधिहरू आउन थालेका छन्। त्यसले ढिलाइ झन् लामो हुन थालेको छ," भाटियाले भने।

भारतीय वायुसेनाका प्रमुख एपी सिँहले ढिलाइप्रति उनको दिक्दारी सार्वजनिक गरेका छन्।

"म बाहिरको केही पनि किन्दिनँ र भारतमै जे विकसित हुन्छ त्यही लिन्छु भनेर वाचा गर्न त सक्छु। तर समयमा नआउँदा त्यो सम्भव नहुन सक्छ," एअर मार्शल सिँहले हालैको एउटा सम्मेलनमा भने।

"संख्या (लडाकु विमान)को हिसाबमा अहिले हामी खराब स्थितिमा रहेको सबैलाई थाहा छ। हामीलाई भनिएका विमान निकै बिस्तारै हामीकहाँ आइरहेका छन्। त्यसैलै खाली ठाउँ चाँडो भर्ने गरी अन्यत्र हेर्नुपर्ने आवश्यकता हुने छ," उनले तेजास मार्क १ए को आपूर्तिमा भइरहेको ढिलाइप्रति इङ्गित गर्दै भने। गत वर्षकै फेब्रुअरीमा आपूर्ति हुनुपर्ने ती विमानको अझै आपूर्ति हुन सकेको छैन। भारतको प्राथमिकता भनेको स्वदेशमै निर्मित स्टेल्थ विमान हो। तिनको विकासका निम्ति एक अर्ब डलरको प्रतिबद्धता भइसकेको छ। "भारतको तत्काल जोखिम अवधारणामा परिवर्तन आएको खण्डमा मात्र विदेशी स्टेल्थ जेट खरिदबारे सोचविचार हुन सक्ने छ," भाटियाले भने। चीनसँग दुई थरी स्टेल्थ लडाकु विमानहरू रहेका छन् - जे-२० र जे-३५ - तर अमेरिकी विमानको तुलनामा तिनको गुणस्तरै कमै हुन सक्छ।

अधिकांश विज्ञहरू भारतले न अमेरिकी न रुसी लडाकु विमान रोज्ने ठान्छन्। "अल्पकालमा तत्काल खरिद गरेर खाली ठाउँ भरिएला। मध्यमकालमा सह-उत्पादनमा ध्यान दिइएला तर दीर्घकालमा चाहिँ प्रस्ट छ - स्वदेशी उत्पादन," भाटियाले भने।

भारतका निम्ति हवाई शक्तिको भविष्य केवल जेट किन्नुसँग मात्र सम्बन्धित छैन - तिनको निर्माण, अझ कुनै बलियो पश्चिमा साझेदारसँग मिलेर हुने निर्माण महत्त्वपूर्ण हुने छ। तर उक्त दूरदृष्टिको सफलताका निम्ति पहिले त स्वदेशमा निर्मित लडाकु विमानहरूको विकास र आपूर्ति समयमै हुनु जरुरी छ।




# चीन अमेरिकासँग 'जस्तोसुकै युद्ध'का निम्ति तयार

बीबीसी

काठमाण्डु । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले बढाउँदै लगेको चिनियाँ उत्पादनमा लाग्ने आयातशुल्क 'ट्यारिफ'को बदला लिएसँगै बेइजिङ आफू अमेरिकासँग 'जस्तोसुकै युद्ध'का निम्ति तयार रहेको बताएको छ।ट्रम्पले सबै चिनियाँ वस्तुमाथि थप शुल्क लगाएपछि विश्वका दुई सबभन्दा ठूला अर्थतन्त्र 'व्यापार युद्ध'को सँघारमा पुगेका छन् ।

ट्रम्पको कदमको बदलामा चीनले तत्कालै अमेरिकी कृषिजन्य वस्तुहरूमा १०-१५% आयातशुल्क लगाइदिएको छ। "यदि अमेरिकाले युद्ध नै चाहेको हो भने, चाहे त्यो ट्यारिफ युद्ध होस्, वा व्यापार युद्ध वा जस्तोसुकै प्रकारको अन्य युद्ध, हामी अन्त्यसम्म लड्न तयार छौं," मङ्गलवार चिनियाँ सरकारले गरेको टिप्पणीलाई वाशिङ्टनस्थित चिनियाँ दूतावासले 'एक्स'मा रिपोस्ट गरेको छ। ट्रम्पले कार्यभार सम्हाले यताको यो सबभन्दा तीखो चिनियाँ प्रतिक्रिया हो। राष्ट्रिय जनकङ्ग्रेसको वार्षिक सम्मेलनका निम्ति चिनियाँ नेताहरू बेइजिङमा भेला हुँदै गर्दा यो टिप्पणी गरिएको छ।



बुधवार चिनियाँ प्रधानमन्त्री लि चियाङले यो वर्ष फेरि उसको चीनको रक्षा खर्च ७.२% ले बढाइने घोषणा गरे।उनले "विश्वभरि एक शताब्दीयता नदेखिएका परिवर्तनहरू द्रुत गतिमा भइरहेको" चेतावनी पनि दिए। यो वृद्धि गत वर्ष नै घोषणा गरिएको थियो र अपेक्षाकृत नै छ। चिनियाँ नेताहरू व्यापार युद्धको जोखिमका माझ समेत आफूहरू देशको अर्थतन्त्र विस्तार गर्न सकिनेमा विश्वस्त रहेको सन्देश जनतालाई दिन चाहन्छन्।

अमेरिकाको तुलनामा आफ्नो देश एक स्थिर र शान्त मुलुक भएको छवि प्रस्तुत गर्न चीन लालायित रहँदै आएको छ। अमेरिका मध्यपूर्व र युक्रेनमा फसेको उसले बताउने गर्छ।

क्यानडा र मेक्सिकोजस्ता साझेदार मुलुकविरुद्ध समेत आयातशुल्क थोपर्ने ट्रम्पको कदमबाट बेइजिङ फाइदा लिन चाहन्छ र धेरै चर्का कुरा गरेर सम्भावित नयाँ विश्वव्यापी साझेदारहरूलाई तर्साउन चाहँदैन।बेइजिङमा प्रधानमन्त्रीको भाषणमा चीन थप खुला हुने र थप विदेशी लगानी आकर्षित गर्ने विषयमा जोड दिइएको थियो। चीनले विगतमा पनि आफू युद्ध गर्न तयार भएको बताएको थियो।

> बुधवार चिनियाँ प्रधानमन्त्री लि चियाङले यो वर्ष फेरि उसको चीनको रक्षा खर्च ७.२% ले बढाइने घोषणा गरे।उनले "विश्वभरि एक शताब्दीयता नदेखिएका परिवर्तनहरू द्रुत गतिमा भइरहेको" चेतावनी पनि दिए।

गत अक्टोबरमा राष्ट्रपति सी जिन्पिङले सेनालाई युद्धका निम्ति तयारी सुदृढ पार्न आह्वान गरेका थिए। त्यस बेला चीनले स्वशासित टापु ताइवान वरपर सैन्य अभ्यास गरेको थियो।

तर युद्धका निम्ति तयारी गर्नु र युद्धमा होमिनु भिन्नै कुरा हो। वाशिङ्टनस्थित चिनियाँ दूतावासले उसको विदेश मन्त्रालयले अघिल्लो दिन अङ्ग्रेजीमा पोस्ट गरेको विषयलाई उद्धृत गरेको थियो। त्यसमा अमेरिकाले 'फेन्टनिल' लागुऔषध भित्रिनुमा चीनलाई दोष दिने गरेको पनि उल्लेख थियो।"फेन्टनिलको मामिला अमेरिकाले चिनियाँ आयातमा ट्यारिफ लगाउनका निम्ति पेस गरिएको कमजोर बहाना हो," विदेश मन्त्रालयका प्रवक्ताले भनेका थिए।

"धाकधम्कीबाट हामी तर्सन्नौं। डर देखाएर हामीसँग हुँदैन। दबाव दिनु, जबर जस्ती गर्नु र तर्साउनु चीनसँग व्यवहार गर्ने उचित तरिका होइन," उनले भने। अमेरिका र चीनबीच प्रायशः विवादपूर्ण सम्बन्ध रहँदै आएको छ। 'एक्स'मा राखिएको यो पोस्टलाई निकै धेरै शेअर गरिएको छ। ट्रम्पका उच्च अधिकारीहरूमाझ रहेका चीनका कट्टर विरोधीहरूले यसलाई बेइजिङ अमेरिकाका लागि सबभन्दा ठूलो विदेशनीति एवं आर्थिक 'खतरा' हो भन्ने थप प्रमाणका रूपमा पेस गर्ने छन्।

बेइजिङस्थित अधिकारीहरूले ट्रम्पले उनको शपथग्रहण समारोहमा राष्ट्रपति सीलाई निम्त्याएपछि नयाँ प्रशासनअन्तर्गत चीन-अमेरिका सम्बन्ध अलि न्यानो ढङ्गले अघि बढ्ने आश राखेका थिए।ट्रम्प स्वयंले पनि ह्वाइट हाउस प्रवेश गर्नु केही दिनअघि दुई नेताबीच 'राम्रो फोन संवाद' भएको बताएका थिए।

गत महिना दुई नेताबीच अर्को फोन संवाद हुने भनिएको थियो। तर त्यो भएन। चीनभित्र उपभोगमा आएका कमी, घरजग्गा क्षेत्रको सङ्कट अनि बेरोजगारीजस्ता समस्यासँग राष्ट्रपति सी जुझिरहेका छन्।आफ्नो अर्थतन्त्र सुधार्न चीनले अर्बौं डलर लगानी गर्ने वाचा गरेको छ। राष्ट्रिय जनकङ्ग्रेसका निम्ति हजारौं प्रतिनिधिहरू भेला भइरहँदा चिनियाँ नेताहरूले योजनाहरू सार्वजनिक गरेका छन्। जनकङ्ग्रेसले उच्च नेताहरूले लिइसकेका निर्णयहरूलाई अनुमोदन मात्र गर्ने गर्छ।चिनियाँ सेनाको बजेट करिब २४५ अर्ब डलरको छ जुन विश्वको दोस्रो धेरै हो।

तर अमेरिकाको तुलनामा यो अझै निकै कम हो ।

# सेनाको विमानले गलत स्थानमा विस्फोटक पदार्थ खसाल्दा केही सर्वसाधारण घाइते

एएफपी

सियोल । दक्षिण कोरियाको वायु सेनाले आफ्नो एउटा लडाकू विमानले एक प्रशिक्षण अभ्यासका क्रममा बिहीबार दुर्घटनावश आठवटा बम गलत ठाउँमा खसालेको जनाएको छ ।"एयर फोर्सको केएफ-१६ विमानबाट असामान्य रुपमा खसालिएका आठवटा एमके-८२ बम सामान्य उद्देश्यका लागि खसालिएको र ती निर्धारित फायरिङ रेन्जभन्दा बाहिर अवतरण भएका जानकारीमा आएको छ," वायुसेनाले भनेको छ ।

आणविक शक्ति सम्पन्न उत्तर कोरियासँगको सीमाबाट करिब २५ किलोमिटर दक्षिणमा रहेको पोचेओनमा स्थानीय समयअनुसार बिहान १० बजे उक्त घटना भएको हो ।

वायु सेनाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "बमहरू गलत ठाउँमा खसालिएकोमा हामी गहिरो खेद प्रकट गर्दछौं । यसबाट हताहत भएका घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।उक्त घटनाको अनुसन्धानका लागि दुर्घटना प्रतिकार्य समिति गठन गरिएको र क्षतिको क्षतिपूर्तिलगायत सबै आवश्यक कदम समितिले चाल्ने जनाइएको छ ।

सैन्य जेटले 'वायु सेना र स्थल सेना दुवै सम्मिलित संयुक्त प्रत्यक्ष-फायर अभ्यासमा भाग लिइरहेको' समयमा उक्त दुर्घटना हुनपुगेको वायु सेनाले जनाएको छ । दक्षिण कोरियाली (योनहाप) समाचार संस्थाका अनुसार दक्षिण कोरियाले पोचेओनमा बिहीबार संयुक्त राज्य अमेरिकासँग संयुक्त 'प्रत्यक्ष फायर अभ्यास' गरिरहेको थियो ।दक्षिण कोरियाको नेसनल फायर निकायका अनुसार दक्षिण कोरिया र अमेरिकाको संयुक्त अभ्यासका क्रममा एउटा गाउँमा बम खसेको अनुमान गरिएको छ ।



यसले गर्दा 'हताहत र सम्पत्तिको क्षति भएको छ र यसमा धेरै विस्थापित बासिन्दाहरू परेका छन्", विज्ञप्तिमा भनिएको छ, "घटनामा चार जना गम्भीर घाइते भएका छन् र तीन जना सामान्य घाइते भएका छन् ।" उक्त घटनामा एक चर्च भवन र दुई घरको केही भागमा क्षति पुगेको विज्ञप्तिमा उल्लेख छ ।

### चट्याङजस्तो आवज

आफ्नो नाम उल्लेख नगर्ने शर्तमा एक जना पार्क उपनाम गरेका स्थानीय बासिन्दाले दुर्घटना हुँदा आफूले टेलिभिजन हेरिरहेको बताउँदै भन्नुभयो, "मैले अचानक मेघगर्जनजस्तै ठूलो विस्फोटको आवाज सुनें र पूरै घर हल्लियो। जब म बाहिर गएँ, सबै कुरा अस्तव्यस्त थियो ।"

करिब एक किलोमिटर परको वृद्ध स्याहार केन्द्रमा पनि दुर्घटनाको महसुस गरिएको थियो ।"अचानक भएको विस्फोटनले भवनलाई हल्लायो। झ्यालका सिसा फुटे र हाम्रा एक जना शिक्षक घाइते भए । उहाँलाई अस्पताल लगिएको थियो," केन्द्रका निर्देशक युले भन्नुभयो ।

"भाग्यवस, कुनै पनि वृद्धरलाई चोट पटक लागेन, तर उनीहरू यति डराए कि हामीले उनीहरू सबैलाई घर पठायौं," उहाँले भन्नुभयो । दक्षिण कोरिया र अमेरिकाको सबैभन्दा ठूलो वार्षिक संयुक्त अभ्यासमध्ये एक अभ्यास यसै महिनाको अन्त्यमा सुरु हुने भएको छ ।सन् १९५० देखि १९५३ सम्म चलेको द्वन्द्व शान्ति सम्झौतामा नभई युद्धविराममा टुङ्गिएपछि दुई कोरिया प्राविधिक रूपमा युद्धमा छन् ।

प्योङ्याङविरुद्ध सियोलको सुरक्षाका लागि संयुक्त राज्य अमेरिकाले दक्षिणमा दशौं हजार सैनिक तैनाथ गरेको छ ।

# अर्ग्यानिक चिया उत्पादन अभियान नै सञ्चालन

इलाम । सूर्योदय नगरपालिकाले क्यान्सर रोगको जोखिम हुन नदिन विषादी प्रयोगमा कडाइ गर्न थालेको छ। नगरका किसानले तरकारी लगायत अन्य बालीमा विषादीको मात्रा बढाउन थालेपछि नगरपालिकाले कडाइ गर्न थालेको हो। नगरपालिकाले अर्ग्यानिक चिया उत्पादन अभियान नै सञ्चालन गर्न किसानलाई प्रोत्साह समेत गरिराखेको छ। "हामीले उत्पादन गरेको चियाले आफैँ रोगको सिकार हुनुपर्यो भने विश्व बजारमा बिक्री गर्न सकिदैन।" नगरप्रमुख रणबहादुर राईले भन्नुभयो, "हामी बिष खाँदैनौ, बिष बेच्दैनौ । विगत बर्षदेखि अर्ग्यानिक उत्पादन गर्ने भनेर अभियान चलाईएपनि तथ्याङ्कहरुले बिषादीको प्रयोग देखाएकाले अब कडाइका साथ बिषादी नियमन गर्छौ।"

नगरपालिकाले गत दुई आर्थिक बर्षमा विपन्न नागरिक सहायता कार्यक्रमअन्तर्गत स्वास्थ्य सेवाका लागि आर्थिक सहयोगमा लागि सिफारिस गरिएका बिरामीहरुमध्ये सबैभन्दा बढी क्यान्सर रोगी देखिएका छन् । आब २०७९/०८० मा सिफारिस गरिएका ५७ जना बिरामी मध्ये सबैभन्दा बढी ४० जना क्यान्सर पीडित थिए भने मिर्गौलाका १० र मुटुका ७ बिरामी थिए। त्यसैगरी गत आबमा यो तथ्याङ्क वृद्धि भएर कुल सिफारिस संख्या ८२ पुग्यो। सो तथ्याङ्कमा पनि क्यान्सरका सबैभन्दा बढी ५० बिरामी छन् । त्यसैगरी मिर्गौलाका २०, मुटुका ३ र टाउकोमा चोट भएका ३ जनाको स्वास्थ्य सेवाका लागि सिफारिस गरिएको सूर्योदय नगरपालिका स्वास्थ्य शाखाका प्रमुख विपुल अधिकारीले जानकारी दिनुभएको छ।

चालु वर्षमा यो तथ्याङ्क अझ वृद्धि हुने अनुमान छ। यी त नगरपालिकामा स्वास्थ्य सेवा पाउन माग गर्दै पेश भएका निवेदनका आधारमा उपलब्ध तथ्याङ्क मात्र हो । यस बाहेक पालिकाको सम्पर्कमा नआएर उपचार गरिरहेका वा ज्यान गुमाएका क्यान्सर पीडित धेरै छन्। सबैमा क्यान्सर रोगको कारण चियाको बिषादी मात्र नभएपनि अधिकांश कारण भने बिषादी नै भएको हुनसक्ने सूर्योदय-८ का वडाध्यक्ष जङ्ग गुरुङ्गले बताउनुभयो। "क्यान्सरकै कारण मैले गत बर्ष परिवारको एक सदस्य गुमाएँ। धेरै ठाउँ डाक्टरलाई देखाउँदा बिषादीकै कारण रोग लागेको बताए ।" उहाँले, "झापाको पूर्वाञ्चल क्यान्सर अस्पतालदेखि राजधानीका थुप्रै अस्पतालका बरिष्ट डाक्टरहरुले बिषादीलाई कारण देखाए।"

वडाध्यक्ष गुरुङ्गले यसवर्ष आफ्नो वडालाई अर्ग्यानिक वडा घोषणा गर्नेगरी काम थालिएको बताउनुभयो । "मैले आफन्त गुमाएँ। आज घर-घरमा क्यान्सर रोगी फेला परिरहेका छन्। यो दुर्दशा सबैले भोग्नुभन्दा बेलैमा सचेत हुनुपर्छ।" उहाँले भन्नुभयो, "सूर्योदयका सबै वडामा भन्दा ८ नं वडामा बढी चिया खेती हुन्छ। सबैभन्दा बढी चिया उद्योग यहीँ छ। यहाँबाट अर्ग्यानिक वडा घोषणा सुरु गर्दैछौँ।" पहिलो चरणमा किसान, चिया उद्योगी, व्यापारी, स्थानीय राजनीतिक दलका प्रतिनिधि, टोल विकास, बालि बिमा कम्पनीका प्रतिनिधि लगायतसँग बसेर वडाले छलफल चलाएको बताउँदै वडाध्यक्ष गुरुङ्गले अब टोलटोलमा पुगेर किसानसँग सचेतनामुलक कार्यक्रम गरिने साथै उनीहरुलाई अर्ग्यानिक उत्पादन सम्बन्धी तालिम र अन्य कार्यक्रम सञ्चालन गरिने बताउनुभयो।

"बिषले मानव स्वास्थ्यलाई मात्र नभएर हाम्रो विश्व परिचयमा पनि असर गर्छ। चिया पिउन लायक बनाउनुपर्छ। उत्पादन अर्ग्यानिक र गुणस्तरीय भएपछि किसानले राम्रो मूल्य पाउँछन् ।'" नगरप्रमुख राईले भन्नुभयो, क्षणिक लाभ हेरेर स्वास्थ्य जस्तो संवेदनशील विषयमा वेवास्था गर्नु हुँदैन।"

सूर्योदयमा उत्पादन हुने सबै चिया बिषादीयुक्त छन् भन्ने होइन । कतिपय चिया बगान अर्ग्यानिक पनि छन्। सूर्योदय-९ ढोडेका रामप्रसाद राईले चियाको प्राङ्गारिक खेती सुरु गर्नुभएको ६ वर्ष भयो । उहाँको १६ रोपनी क्षेत्रफलमा फैलिएको चिया बगानबाट दैनिक ८० किलो उत्पादन हुन्छ । "प्रतिकेजी रु एक सय एकका दरले सुन्दरपानी कृषि सहकारी संस्थालाई दिन्छौँ, उसले रु एक नाफा राखेर गोर्खा टी स्टेटलाई बेच्छ।" राईले भन्नुभयो, "नगरपालिकाले तोकेको चियाको न्यूनतम समर्थन मूल्य प्रतिकिलो रु ४० हो । तर हाम्रो चिया प्राङ्गारिक भएकाले रु एक सयभन्दा बढी मूल्य पाएका छौँ।"

राईमात्र होइन साङपाङ टोल ढोडेका सबै किसानले रासायनिक मलको प्रयोग छाडेर गाई-बाख्राको मल प्रयोग गरिरहेका छन् । "चियामा लहलह मुना पलाउँछ, खाँदा स्वास्थ्यलाई हानि गर्दैन, बिक्री मूल्य पनि राम्रो पाइन्छ ।" किसान मनबहादुर राईले भन्नुभयो, "गाईको मल एकपटक र गहुँतबाट बनाएको 'रक्षिन' वर्षमा दुईपटक लगाई दिनुपर्छ, अन्य गोडमेल र सिँचाइ पुग्यो भने विषादी हालेकोभन्दा राम्रो उत्पादन पनि हुन्छ।"

यो टोलका विनोद मोक्तान, विमल, सुशीला, रामप्रसाद, पूर्ण र तारा राईका परिवार बिहानसाँझ चियाको गोडमेल, मलजल, सिँचाइ र टिपाइमा व्यस्त हुन्छन् । बेलामा पानी नपरेकाले केही ढिलो भए पनि यस वर्षको टिपाइ चैत पहिलो साताबाट सुरु हुने मन बहादुरले बताउनुभयो । उहाँका अनुसार, हरियो चिया उत्पादनको उर्वर समय चैतदेखि असोजसम्मको ६ महिना हो। क्यान्सरले नागरिकको ज्यान लैजाने र उत्पादन गुणस्तरीय नहुँदा विश्व बजारमा निर्यात नहुने भएपछि नगरपालिकाले प्राङ्गारिक चिया उत्पादनको अभियान चलाइरहेको हो । ६ वर्षअघि नै चियाको कार्यविधि बनाएर न्यूनतम समर्थन मूल्य तोकेको सूर्योदयमा चियाको टिपाइ सुधार हुन नसक्दा भारतलगायत मुलुकमा नेपाली चिया बिक्रीमा समस्या छ।

"पहिले भारतले यहाँको चिया किन्दा सिएफएल परीक्षण गर्थ्यो तर अब त्यसको अलावा फसाइ परीक्षण गर्दैछ।" नगरप्रमुख राईले भन्नुभयो, "यसले गर्दा हाम्रो चिया भारतमा सजिलै बिक्री हुने अवस्था छैन। यदि चिया प्राङ्गारिक भएन भने सबै चिया नबिक्ने अवस्था हुन्छ । यो समस्या बुझेर किसानले उत्पादनलाई विषादीरहित र टिपाइ गुणस्तरको बनाउनुपर्छ।"

चियाको टिपाइ सुधार गर्न भन्दै नगरपालिकाले गतबर्ष तीन सय किसानलाई चिया टिप्ने हाते मेसिन वितरण गर्यो । "टिपाइमा सुधार भइसकेपछि न्यूनतम समर्थन मूल्य कार्यान्वयन हुन्छ। करिब तीन सय ओटा चिया टिप्ने हाते मेसिन वितरण भएको छ । यो वितरण यस बर्ष पनि हुन्छ। चियालाई 'ब्रान्डिङ' गर्नुपर्छ, 'टी' परीक्षण गर्नुपर्छ भनेर निर्माण गरिएको 'टी टेस्टिङ एन्ड रिसर्चिङ सेन्टर' सञ्चालनमा आईसकेको छ।"

नगरपालिकाको दीर्घकालीन सोचको नारा नै 'सूर्योदय नगरपालिकाको समृद्धि, प्राङ्गारिक कृषि पर्यापर्यटन र आर्थिक समानता' भन्ने रहेको छ। २०७५ साउन १ गते नै निषेधित विषादी मुक्त पालिका घोषणा गरी सबै १४ वडाका दुई सय ५२ टोलमा सचेतना कार्यक्रम भइसकेको नगर आर्थिक विकास समितिका संयोजक देवेन्द्र आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो 'गोठ सुधार, भकारो सुधार, माटो परीक्षणजस्ता कार्यक्रममार्फत प्राङ्गारिक उन्मुख अभियान चलाइरहेका छौँ।'

नगरपालिकाले चियाबाट नै आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य लिएको छ । कार्यविधि बनाएर गुणस्तर सुधार गर्न लागिपरेको सूर्योदयले चियामा विषादीको प्रयोग रोक्न नसक्दा आलेचना खेप्नु परिरहेको छ। अर्कातिर किसानलाई प्राङ्गारिक खेतीमा आकर्षित गर्न अनुदानको कार्यक्रम छैन । प्रमुख प्रशासकिय अधिकृत अमृतबहादुर राईले भन्नुभयो '८० प्रतिशतभन्दा धेरैको आयस्रोत बनेको चियामा प्रतिकिलो रु एक अनुदान दिँदा पनि करोडौँ लगानी चाहिन्छ। स्थानीय सरकारको एक्लो प्रयासले सहजै किसानको समस्या समाधान हुने देखिँदैन। प्रदेश र सङ्घले चिया सुधार गर्न लगानी नगर्दा स्थानीय सरकार मर्कामा परेको छ।"

नेपाली चियाको अन्तरराष्ट्रिय 'ब्रान्डिङ' प्रवर्द्धनका लागि सहयोग, साना किसानका लागि हरियो पत्ती उत्पादनका आधारमा उखुमा जस्तै अनुदान दिनुपर्ने माग उद्योगीले गरेका छन् । उद्योगी उदय चापागाईंले कृषिका अन्य क्षेत्रमा जस्तै चियामा अनुदान दिन सरकारले कञ्जुस्याइँ गर्ने गरेको बताउनुभयो । 'चिया क्षेत्रको समस्यामा दिगो समाधान खोज्न किसानलाई सहुलियत दिनुपर्छ ।' उहाँले भन्नुभयो, 'किसानलाई मल, सिँचाइ र अनुदानमा सरकारले सहयोग गर्नसक्छ । "अझ चियाको अन्तरराष्ट्रिय बजार दिगो बनाउन अर्ग्यानिक उत्पादन मात्रै विकल्प हो।'

नेपालमा उत्पादित ५५ लाख तयारी अर्थोडक्स चियामध्ये तीन लाख किलोमात्र अर्ग्यानिक रहेको तथ्याङ्क छ। सूर्योदय नगरपालिकामा ६२ भन्दा बढी चिया प्रशोधन उद्योग छन्। तीमध्ये सूर्योदय टी एसोसिएसनमा ५२ वटा उद्योग आबद्ध छन्। यहाँ तीन हजार हाराहारी किसानको हरियो चियापत्ती प्रशोधन गरिन्छ। यहाँका उद्योगमा सूर्योदय नगरपालिकाको मात्र होइन माइजोगमाई, रोङलगायत किसानले उत्पादन गरेको हरियो पत्ती प्रशोधनका लागि पुग्ने गरेको छ । यहाँको तयारी चिया भार तसहितका तेस्रो मुलुकसम्म पुग्ने गरेको छ।

नेपालमा १२ हजार ६६ हेक्टरमा चियाखेती हुँदै आएको छ। देशभरमै बढी चिया उत्पादन हुने जिल्ला इलाम हो। यहाँ ६ हजार नौ सय ९५ बगान रहेका छन्। सूर्योदय नगरपालिका चियाको राजधानीका रूपमा पनि परिचित छ। रासस




**सबैमा क्यान्सर रोगको कारण चियाको बिषादी मात्र नभएपनि अधिकांश कारण भने बिषादी नै भएको हुनसक्ने सूर्योदय-८ का वडाध्यक्ष जङ्ग गुरुङ्गले बताउनुभयो ।**

# तरकारी र फलफूलको थोक मूल्य

काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले विहिबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो। गोलभँडा ठूलो (नेपाली) प्रतिकेजी रु २५, गोलभँडा ठूलो (भारतीय) प्रतिकेजी रु ५०, गोलभँडा सानो (तराई) प्रतिकेजी रु २२, आलु रातो प्रतिकेजी रु ३४, आलु रातो (भारतीय) प्रतिकेजी रु ३२, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ६८, गाजर (लोकल) प्रतिकेजी रु ४०, गाजर (तराई) प्रतिकेजी रु ३०, बन्दा (लोकल) प्रतिकेजी रु १२, बन्दा (तराई) प्रतिकेजी रु १२, बन्दा (नरिवल) प्रतिकेजी रु १५, काउली स्थानीय प्रतिकेजी रु १५, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु २०, काउली (तराई) प्रतिकेजी रु १५, मूला रातो प्रतिकेजी रु ४०, मूला सेतो (लोकल) प्रतिकेजी रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ३०, भन्टा लाम्चो प्रतिकेजी रु ४०, भन्टा डल्लो प्रतिकेजी रु ६० कायम भएको छ।

यसैगरी, मटरकोसा प्रतिकेजी रु ५०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ५०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ५०, घिउ सिमी (राजमा) प्रतिकेजी रु ९०, टाटे सिमी प्रतिकेजी रु ८०, तिते करेला प्रतिकेजी रु १३०, लौका प्रतिकेजी रु ५०, परबर (तराई) प्रतिकेजी रु २००, घिरौला प्रतिकेजी रु ९०, झिगुनी प्रतिकेजी रु ९०, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु १५, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु १५, भिण्डी प्रतिकेजी रु १३०, सखरखण्ड प्रतिकेजी ७०, बरेला प्रतिकेजी रु ४०, पिँडालु प्रतिकेजी रु १२०, स्कूस प्रतिकेजी रु ४०, रायो साग प्रतिकेजी रु २०, पालुङ्गो साग प्रतिकेजी ६०, चमसुरको साग रु ८०, तोरीको साग प्रतिकेजी रु ४०, मेथीको साग प्रतिकेजी रु ६०, प्याज हरियो प्रतिकेजी रु ३०, बकुला प्रतिकेजी रु ५०, तरुल प्रतिकेजी रु ९०, च्याउ (कन्य) प्रतिकेजी रु १२०, च्याउ (डल्ले) प्रतिकेजी रु ३००, कुरिलो प्रतिकेजी रु १,१०० निर्धारण गरिएको छ।

ब्रोकाउली प्रतिकेजी रु ४०, चुकुन्दर प्रतिकेजी रु ६०, सजीवन प्रतिकेजी रु १८०, रातो बन्दा प्रतिकेजी रु ५०, जिरीको साग प्रतिकेजी रु ५०, सेलरी प्रतिकेजी रु १५०, सौफको साग प्रतिकेजी रु ८०, पार्सले प्रतिकेजी रु ३००, पुदिना प्रतिकेजी रु २००, गान्टे मूला प्रतिकेजी रु ६०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२० र गुन्द्रुक प्रतिकेजी रु ३५० तोकेको छ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २५०, स्याउ (फूजी) प्रतिकेजी रु ३५०, केरा (दर्जन) रु १५०, कागती प्रतिकेजी रु २६०, अनार प्रतिकेजी रु ३५०, अङ्गुर (हरियो) प्रतिकेजी रु २००, अङ्गुर (कालो) प्रतिकेजी रु २५०, सुन्तला (भारतीय) प्रतिकेजी रु १५०, तरबुजा (हरियो), प्रतिकेजी रु ६०, मौसम प्रतिकेजी रु २००, भुइँकटहर प्रतिगोटा रु २००, काँक्रो (लोकल) प्रतिकेजी रु ६०, काँक्रो (हाइब्रिड) प्रतिकेजी रु ४०, रुख कटहर प्रतिकेजी रु ११०, निबुवा प्रतिकेजी रु ७०, नासपाती (चाइनिज) प्रतिकेजी रु २५०, मेवा (नेपाली) प्रतिकेजी रु ५०, मेवा (भारतीय) प्रतिकेजी रु ११०, अम्बा प्रतिकेजी रु १४०, लप्सी प्रतिकेजी रु १२०, स्ट्रबेरी (भुइँऐंसेलु) प्रतिकेजी रु ३५०, किबी प्रतिकेजी रु ४००, अमला प्रतिकेजी रु १२०, निर्धारण गरिएको छ।

यसैगरी, अदुवा प्रतिकेजी रु १००, खुर्सानी सुकेको प्रतिकेजी रु ३२५, खुर्सानी हरियो प्रतिकेजी रु ११०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रु १२०, खुर्सानी हरियो (माछे) प्रतिकेजी रु ६०, भेडे खुर्सानी प्रतिकेजी रु १००, लसुन हरियो प्रतिकेजी रु ५०, हरियो धनिया प्रतिकेजी रु ३५, लसुन सुकेको चाइनिज प्रतिकेजी रु २८०, लसुन सुकेको नेपाली प्रतिकेजी रु २३०, छ्यापी सुकेको प्रतिकेजी रु १६०, छ्यापी हरियो प्रतिकेजी रु ७०, ताजा माछा (रहु) प्रतिकेजी रु ४२०, ताजा माछा (बचुवा) प्रतिकेजी रु ३००, ताजा माछा (छडी) प्रतिकेजी रु ३००, रुख टमाटर प्रतिकेजी रु १८०, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु ८०० तोकेको छ।रासस



# लगातार चौथो दिन नेप्से परिसूचकमा गिरावट

नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकको गिरावटले विहिबार पनि निरन्तरता पाएको छ। गत सोमबारदेखि निरन्तर घटिरहेको नेप्से परिसूचक विहिबार दुई दशमलव ७० अङ्कको गिरावट पछि दुई हजार आठ सय १८ दशमलव ४३ को विन्दुमा कायम भएको हो।

विहिबार तीन सय १० कम्पनीको एक करोड ९० लाख ४१ हजार पाँच सय १४ कित्ता शेयर ९३ हजार आठ सय ९५ पटक खरिदबिक्री हुँदा रू १० अर्ब १० करोड १८ लाख १७ हजार छ सय ८१ बराबरको कारोबार भएको छ।

विहिबारको कारोबारमा बैंकिङ शून्य दशमलव शून्य तीन, विकास बैंक एक दशमलव ८६, उत्पादन तथा प्रशोधन शून्य दशमलव २४ र लघुवित्त शून्य दशमलव शून्य पाँच प्रतिशतले बढेको छभने अरु सबै समूहको उपसूचक घटेको छ।

वित्त एक दशमलव २३, होटल तथा पर्यटन शून्य दशमलव ५७, जलविद्युत् शून्य दशमलव शून्य छ, लगानी शून्य दशमलव १४ र जीवन बिमा शून्य दशमलव ८० प्रतिशतले घटेको छ। त्यस्तै, म्युचुअल फण्ड शून्य दशमलव १८, निर्जीवन बिमा शून्य दशमलव शून्य चार, व्यापार शून्य दशमलव २४ र अन्य समूह शून्य दशमलव ७१ प्रतिशतले घटेको छ।

गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेड र भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्यमा विहिबार सकारात्मक सर्किट लागेको छ ने नविल डिबेन्चर-२०८२ को शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।रासस

# होमस्टेले हौसिए फोक्सिङ्कोटवासी

तानसेन । जिल्लाको रम्भा गाउँपालिका-२ स्थित रानीबास फोक्सिङ्गकोटका धनबहादुर सारु ज्याला मजदूरी गरेरै परिवारको गुजारा गर्नुहुन्थ्यो। आफूसँग भएको आधा विघा जमिनले खान पनि नपुग्ने भएकाले उहाँ गाउमै खेतीपाती र अन्य काममा मजदूरी गर्दै आउनुभएको थियो। त्यही मजदूरीको भरमा सारुले आठ जनाको परिवार पाल्नुभएको थियो । पर्यटकीय स्थल फोक्सिङ्गकोट नजिकै वस्तीमा बसोबास गरिरहनुभएको उहाँले हाल मजदूरी गर्न छाड्नुभएको छ। केही समययता उहाँको वस्तीमा होमस्टे (घरवास पर्यटन) सञ्चालन भएपछि अर्काकोमा मजदूरी गर्नुपर्ने बाध्यता हटेको उहाँ बताउनुहुन्छ।


सारु मजदूरी छाडेर होमस्टेकै व्यवस्थापन र पाहुनाको स्वागतमा लाग्नुभएको छ। होमस्टेबाट राम्रै आम्दानी हुने भएपछि उहाँ उत्साहित हुनुहुन्छ। यस्तै स्थानीय रनबहादुर सारुले गाउँमै होमस्टे सञ्चालन भएपछि आफूहरुका लागि आयआर्जन पनि हुने र आफ्नो कला, संस्कृतिलाई चिनाउने अवसर समेत मिल्ने भन्दै खुसी व्यक्त गर्नुभयो। धनबहादुर र रनबहादुर मात्र होइन, यहाँका वासिन्दा होमस्टे सञ्चालनमा आएपछि उत्साहित भएका छन्।

आफ्नो कला, संस्कृति, रीतिरिवाजसहितको पहिचान खोजिरहेको अवस्थामा होमस्टे सञ्चालन जनजाति समुदायका लागि एउटा अवसर हुने स्थानीय टेकबहादुर पुनले बताउनुभयो। उहाँले भन्नुभयो, 'होमस्टे सञ्चालनबाट हामीले आफ्नो कला, संस्कृति चिनाउन पाउनेछौँ । मगर, जनजाति समुदायको पहिचानको प्रचार-प्रसार हुनेछ ।' बाहिरका मानिसलाई आफ्नो चालचलनअनुसार जे जे खानेकुरा छ, बनाएर खुवाउन र आफ्नो सांस्कृतिक पहिचान देखाउनुको साथै दुई/चार पैसा आम्दानीको लागि होमस्टे राम्रो माध्यम बन्ने पुनको भनाइ छ। पर्यटन प्रवर्द्धनका साथै आयआर्जनमा टेवा पुऱ्याउने उद्देश्यले केही दिन अघि गाउँपालिकाको पहलमा स्थानीयले 'रानीबास सामुदायिक होमस्टे' सञ्चालनमा ल्याएका छन् । होमस्टे सञ्चालन भएपछि पर्यटक पनि आकर्षित हुन थालेका छन्।

समुद्र सतहदेखि करिब एक हजार २०० मिटर उचाइमा रहेको फोक्सिङ्गकोट गाउँमा पुग्ने पर्यटकले रानीबास गाउँबीचमा रहेको चुर्कीथान, माछापुच्छे, अन्नपूर्ण, धवलागिरी हिमालसँगै अन्य हिमश्रृङ्खला, स्याङ्जाको गल्याङ्ग बजार, रिमीघा लेक र टिमुरडाँडा, आर्यभञ्ज्याङ्ग, तानसेनको श्रीनगर, सिद्धार्थ राजमार्ग, कालीगण्डकी करिडोर, कालीगण्डकी नदी, राम्दीपुललगायतका मनमोहक दृश्य अवलोकन गर्न पाउनेछन्।

होमस्टेमा बास बस्ने पर्यटकहरुले स्थानीय झाम्रे नाँच, मारुनी नाच, सालैजो, कौडा, ठूलो नाच, पञ्चेबाजा कला, संस्कृतिसमेतको आनन्द लिन पाउनेछन्। होमस्टेमा आउने पर्यटकलाई प्रतिव्यक्ति एक हजार बराबर खर्चमा प्याकेजको व्यवस्था मिलाइएको छ । कुखुराको मासुसहित दुई छाक खाना, एक नास्ता र बस्नका लागि प्याकेजमा सुविधा रहेको छ । यहाँ स्थानीय उत्पादनका परिकार खुवाइन्छ। पर्यटकको मागअनुसार कोदोको ढिंडो, रोटी, मकैको आँटो, गुन्द्रुक, स्थानीय जातका कुखुराको मासु, स्थानीय प्रजातिको सुँगुरको मासु, बटुक, सेलरोटीलगायका परिकारको स्वाद लिन पाइने होमस्टे सञ्चालक समितिकी अध्यक्ष देउकुमारी सारुले बताउनुभयो।

होमस्टे पुग्ने पर्यटकहरुको लागि अवलोकन गर्न जनजाति सङ्ग्रहालय समेत निर्माण गरिएको छ । यहाँ जनजातिका परम्परागत सिप, कला, कौशलका सरसमान व्यस्थितरूपमा सजाएर राखिएका छन् । साथै, मगर समुदायको भेषभुषा, ऐतिहासिक माटो र काठले बनेका भाँडा, हतियार, दैनिक जीवनमा प्रयोग हुने प्राचिन सामान सङ्ग्रहालयमा राखिएका छन्। परम्परागत र आधुनिक सीपकलाको मिश्रणबाट सङ्ग्रहालय भवनलाई कुडुले घरको रूपमा निर्माण गरिएको छ। भवन तथा सङ्ग्रहालय निर्माणको लागि केन्द्र सरकार पर्यटन मन्त्रालय र स्थानीय सरकारको



रु एक करोड १५ लाख खर्च भएको छ । अहिले फोक्सिङ्कोटमा ९३ घरपरिवार मगर रहेका छन्। तीमध्ये १६ घरमा होमस्टे सञ्चालन गरिएको छ भने अन्य घरमा पनि विस्तार गर्ने योजना रहेको रानीबास होमस्टे सञ्चालक समितिले जनाएको छ । यहाँ रैथाने बालीको नियमित उत्पादन, परम्परागत कला, संस्कृतिको जीवन्तता, प्राकृतिक सौन्दर्यता र एकै किसिमको मगर बस्ती भएका कारण नै गाउँपालिकाले होमस्टे सञ्चालनमा सक्रियता देखाएको पालिका अध्यक्ष विष्णुप्रसाद भण्डारीले बताउनुभयो।

आफ्नै घरमा पाहुनालाई राखेर आफैँले उत्पादन गरेको वस्तुबाट बनाएको खानाको परिकार बिक्री गरी स्थानीय मानिसले आम्दानी गर्ने यो एक भरपर्दो र सजिलो माध्यम पनि हो । होमस्टेमा आउने पाहुनाले केही न केही रकम खर्च गर्दछन् । सामान्य आयस्तर भएका मानिसका लागि यो आर्थिक अवसर पनि हो । होमस्टेमा आउने पाहुनाले देख्ने दृश्य, वातावरण, संस्कृति र मानिसले गर्ने सेवासमेतको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मूल्य तिरिरहेका हुन्छन्। यसले गर्दा पर्यटक आउँदा सहरका ठूला होटल र ठूला पर्यटन व्यवसायीले मात्र लाभ प्राप्त गर्ने होइन कि एउटा सामान्य दूरदराजमा बस्ने मानिसले पनि पर्यटनको महत्व बुझ्दै आर्थिक अवसर प्राप्त गर्दछ। यसबाट सामान्य ग्रामीण क्षेत्रमा बसोवास गर्ने मानिसले समेत पर्यटनको माध्यमबाट केही न केही आयआर्जन गर्न सक्छन्।

होमस्टे ग्रामीण पर्यटन विकासका लागि महत्वपूर्ण पूर्वाधार हो । ग्रामीण समुदाय अझ विशेषगरी आर्थिक तथा सामाजिक वञ्चितीकरणमा पारिएका महिला, आदिवासी जनजाति तथा अल्पसंख्यक समुदायलाई आर्थिक सशक्तिकरण गरेर विकासको मूलधारमा ल्याउन होमस्टेले महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । त्यसैले होमस्टे स्थापना तथा प्रवर्द्धन सङ्घीय, प्रदेश तथा स्थानीय सरकार सबैको चासो र प्राथमिकताको विषय भएको छ।

नेपालमा होमस्टेको प्रचलन परम्परागत भए पनि पछिल्लो समयमा यसलाई कार्यविधि नै बनाएर व्यवस्थित गर्न खोजिएको छ । अहिले होमस्टे कार्यविधि २०६७ ले निर्देश गरेअनुरूप नै सञ्चालनमा छन्। पर्यटकलाई ग्रामीण क्षेत्रको वास्तविक अनुभूति गराउने र पर्यटनको माध्यमबाट दूरदराजका मानिसको आयआर्जन तथा रोजगारीको अवस्थालाई दिगो विकाससँग जोडी पर्यटनमैत्री वातावरण बनाउने यस कार्यविधिको उद्देश्य रहेको छ। होमस्टेले सबै प्रकारका पाहुनाहरूलाई बस्नको लागि वैकल्पिक र किफायती ठाउँ प्रदान गर्दछ। जहाँ प्रकृति र संस्कृतिको भरपुर आनन्द लिन सकिन्छ। अहिले नेपालमा तीनै तहका सरकारले होमस्टेलाई महत्वका साथ हेरेको पाइन्छ।

यहाँ घरवास सञ्चालनमा आएसँगै यस क्षेत्रका सांसद तथा मन्त्रीसमेतले चासो व्यक्त गरेका छन् । उनीहरुले होमस्टेको दिगो विकासका लागि आफूले आवश्यक सहयोग गर्ने बताएका छन् । यहाँका नागरिकको आम्दानीको स्रोत होमस्टे बन्न सक्ने भन्दै उनीहरुले आवश्यक भौतिक पूर्वाधार निर्माणमा आफूहरुको सहयोग रहने स्थानीयसँग प्रतिवद्धता जनाएका छन्।

पाल्पा क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य नारायणप्रसाद आचार्यले ग्रामीण पर्यटन विकासको लागि होमस्टे कार्यक्रम प्रभावकारी हुने बताउनुभयो । होमस्टेको कारण फोक्सिङ्ग कोटको विकासमा महत्वपूर्ण योगदान पुग्ने समेत उहाँले विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "अब फोक्सिङ्ग कोटमा आउने मोटरबाटो स्तरोन्नति हुनेछ, पर्यटकीय पूर्वाधारहरु निर्माण हुनेछन् ।' सङ्घ, प्रदेश र स्थानीय सरकार मिलेर फोक्सिङ्ग कोटको विकासमा अगाडि बढ्ने समेत सांसद आचार्यले बताउनुभयो।

लुम्बिनी प्रदेश सरकारका स्वास्थ्य मन्त्री खेमबहादुर सारुले होमस्टे सञ्चालन हुनु राम्रो पक्ष भएकाले पाहुनाहरुलाई सन्तुष्टि गराउन सके यहाँका वासिन्दा घरमै बसीबसी आम्दानी गर्नसक्ने बताउनुभयो। "हामी सबैको चाहना गाउँलाई सुखी सम्बृद्धि बनाउने भएकाले स्थानीय उत्पादन, स्थानीय कला, संस्कृति र प्राकृतिक अवलोकनको अभियानबाट नै गाउँमा प्रशस्त आम्दानी गर्न सकिन्छ" उहाँले भन्नुभयो । होमस्टे कार्यक्रमको लागि आवश्यक पर्ने पूर्वाधार, तालिम, तथा प्रचार-प्रसारमा प्रदेश सरकारको सहयोग रहने मन्त्री सारुले बताउनुभयो । उहाँले मगर समुदायको संस्कृतिको संरक्षण र स्थानीयलाई घर खर्च चलाउन होमस्टे उपयुक्त माध्यम बन्ने समेत विश्वास व्यक्त गर्नुभयो।

होमस्टेलाई एउटा शुद्ध व्यापारका रूपमा मात्र नबुझेर संस्कृति, परम्परामा आधारित पर्यटन सेवा हो भन्ने होमस्टे सञ्चालक, होमस्टेमा बास बस्न आउने अतिथि पर्यटक तथा नीति निर्माताले बुझ्नुपर्छ । होमस्टे ग्रामीण पर्यटनको पूर्वाधार मात्र नभएर, समुदायको एकीकृत विकासको महत्वपूर्ण अङ्ग पनि हो । यसलाई एकीकृत विकासको अवधारणाअनुसार दीर्घकालीन सोचसाथ अगाडि बढाउन सकिएमा समुदायलाई सामाजिक र आर्थिक समृद्धिको पथमा डोऱ्याउन सकिन्छ।रासस

# गौर राइस मिलको जग्गा संरक्षण गर्न प्रधानमन्त्री लाई ज्ञापन पत्र



**टुडे समाचारदाता**

रौतहट । गौर राइस मिलको जग्गा भूमाफियाबाट बचाउन र दोषीलाई कारबाही गर्न प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापन पत्र बुझाएको छ ।

नेकपा एमालेका केन्द्रीय सदस्यसमेत रहेका रौतहट जिल्ला इन्चार्ज अजयकुमार गुप्ता बुधवार साँझ प्रधानमन्त्री निवास बालुवाटार पुगेर प्रधानमन्त्री ओलीलाई ज्ञापन पत्र बुझाएका छन् ।

गौर नगरपालिकाका पूर्वमेयर समेत रहेका एमाले नेता गुप्ताले प्रधानमन्त्री ओलीलाई भेटेर गौर राइस मिलको जग्गा भूमाफियाले बिक्री गर्न लागेकोमा तत्काल सो जग्गा रोक्का गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन ज्ञापनपत्र मार्फत माग गरेका छन् । भूमाफियाले गौर नगरपालिकाको मिलेमतोमा सार्वजनिक उपभोगमा रहेको राइस मिलको जग्गा बेचविखन गर्न लागेकोमा जग्गा रोक्का गरी त्यसको सत्य तथ्य छानबिन गरी दोषीलाई कारबाही गर्न रौतहट संसदीय निर्वाचन क्षेत्र नम्बर १ का सांसद प्रत्यासीसमेत रहेका गुप्ताले ज्ञापनपत्र मार्फत माग गरेका छन् ।

नक्कली कागजपत्र तयार गरी ठूलो आथिर्क चलखेल गरी जग्गा हड्पन खोज्ने उपर छानबिन गरी कारबाही गर्नुपर्ने माग गरिएको छ ।

गौर राइस मिलको जग्गा वर्षौदेखि सार्वजनिक रुपमा प्रयोग भइ विभिन्न मेला महोत्सव, राजनीतिक सभा सम्मेलन, तथा क्रिकेट खेलाडीहरूका लागि खेल मैदान को रुपमा प्रयोग हुँदै आएको छ । सो ज्ञापन पत्रमा भूमाफिया र गौर नगरपालिकाको मिलेमतोमा धेरै ठूलो आथिर्क चलखेल गरी सो जग्गा भागबण्डा गरी खेल मैदानको अस्तित्व नै समाप्त हुने गरी रौतहटवासीको सपनालाई धमिलो पार्ने उदेश्यका साथ अगाडी बढेकोमा अबिलम्व सो जग्गा बिक्री वितरणमा रोक लगाइनु पर्ने भन्दै प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको छ ।

साविक गौर गाविस वडा नम्बर ७ को किता नम्बर १३९ को ०-४-१५ ,१४०को ०.१६-०,१६३को ४-१०-० र ८०३को ०.९.० जग्गा गौरको मुटु आन सम्मान, रौतहटवासीको धरोहर, युवा खेलाडीको भविष्य भएकाले त्यसको संरक्षणको लागि तत्काल कदम चाल्नुपर्ने एमाले केन्द्रीय सदस्य अजय कुमार गुप्ताद्वारा हस्ताक्षरित ज्ञापन पत्रमा उल्लेख गरिएको छ । मंगलवार साँझ गौरका मेयर शम्भु साहले सो जग्गा बिक्री गर्ने सहमति अनुसार कार्यपालिकाले निर्णय गरेको सार्वजनिक गरेसंगै चौतर्फी विरोध शुरु भएको छ । गौर राइस मिलको जग्गा बचाउ अभियानीहरु ठूलो संख्यामा विरोध प्रदर्शन पछि नगरपालिकामा पुगेर निर्णय फिर्ता लिन मेयर साहलाई २४ घन्टे अल्टिमेटम दिएका छन् । मुख्यमन्त्री सतीशकुमार सिंहले सो जग्गाको बारेमा विस्तृत छानबिन गर्न प्रदेशका महान्यायाधिवक्ता सुरेन्द्रकुमार महतोलाई निर्देशन दिंदै तत्काल कुनै निर्णय कार्यान्वयन नगर्न ज्ञापन पत्रमार्फत गौर नगरपालिकालाई आग्रह गरेका छन् । नेपाली कांग्रेस मधेश प्रदेश कमिटी र जनमत पार्टी जिल्ला कमिटी रौतहटले छुट्टाछुट्टै विज्ञप्ति निकालेर गौर राइस मिलको जग्गा अधिग्रहण हुनुपर्ने माग गरेको छ ।

# ‘सामन्ती प्रेतहरुले टाउको उठाउन खोजे जनताको बलबाट समाप्त हुने छन्’

**टुडे समाचारदाता**

जलेश्वर । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेपाली जनताको बलबाट गलहत्याइए सामन्ती प्रेतहरुले टाउको उठाउने प्रयास गरे जनताकै बलबाट समाप्त हुने चेतावनी दिएका छन् ।

जनतासँग माओवादी, तराई मधेश जागरण अभियानअन्तर्गत माओवादी केन्द्र महोत्तरीले सम्सी गाउँपालिकामा आयोजित खबरदारी सभामा बोल्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष प्रचण्डले सामन्ती प्रेतहरुले टाउको उठाउने प्रयास गरे जनताकै बलबाट समाप्त हुने चेतावनी दिए ।



नेपाली जनताले परास्त गरिसकेका तत्वहरुले कहिलेकाही टाउको उठाउने प्रयास गर्ने गरेको उल्लेख गर्दै उनले इतिहास पछाडि नफर्किने भएकाले यस्ता सपना नदेख्न चेतावनी दिए । अबको आवश्यकता जनताले प्राप्त गरेका अधिकारको रक्षा गर्दै प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख, पूर्ण समानुपातिक निर्वाचन प्रणाली जस्ता अग्रगामी एजेन्डामा जानु रहेको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले पछाडि फर्कने तर्फ कसैले सोचे राम्रो नहुने बताए ।

उनले कुनै शासक र राजा महाराजाले जनतालाई अधिकार दिएको नभई जनताले आफ्नै बलमा अधिकार खोसेर ल्याएकाले यसको रक्षा, प्रयोग र विकास गर्न जनता र जनताको शक्ति माओवादीलाई बलियो बनाउनुपर्ने बताए । अध्यक्ष प्रचण्डले यथास्थितिमा मुलुक चल्न नसक्ने र अब नयाँ आन्दोलन आवश्यक रहेकाले त्यसको तयारीका लागि सबैभन्दा बढी उत्पीडित र अपहेलित बनाइएका वर्ग समुदायको घरमा पुग्नुपर्छ भनेर नै गम्भीर आत्मसमीक्षा सहित आफूहरु जनताको बीचमा आएको स्पष्ट गरे ।

> अध्यक्ष प्रचण्डले यथास्थितिमा मुलुक चल्न नसक्ने र अब नयाँ आन्दोलन आवश्यक रहेकाले त्यसको तयारीका लागि सबैभन्दा बढी उत्पीडित र अपहेलित बनाइएका वर्ग समुदायको घरमा पुग्नुपर्छ भनेर नै गम्भीर आत्मसमीक्षा सहित आफूहरु जनताको बीचमा आएको स्पष्ट गरे ।

अध्यक्ष प्रचण्डले पार्टीले अघि बढाएको हुलाकी मार्ग केन्द्रित अभियानले दक्षिण नेपाललाई राज्यको मूल प्रवाहमा जोड्दै नयाँ राष्ट्रिय एकता कायम गर्न सहयोग गर्ने विश्वास व्यक्त गरे । लामो समय अलपत्र परेको हुलाकी मार्ग अघि बढाउन आफूले २०७३ मा प्रधानमन्त्रीको रुपमा भारत भ्रमण गर्दा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग छलफल गरी सहयोग सुचारु गरेपछि योजना अघि बढेको जानकारी दिए । यो मार्ग तराई मधेशको जीवन रेखा बन्ने र यसले दक्षिण नेपालको रुपान्तरणमा महत्त्वपूर्ण योगदान गर्ने उनले विश्वास गरे ।

महोत्तरीको विकास हिजोदेखि नै प्राथमिकतामा रहेको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले जलेश्वरमा सुक्खा बन्दरगाह, सिचाइको व्यवस्था, भारतीय बाँधले पारेको असर न्यूनीकरण, मिटरव्याज पीडितका समस्या समाधान, शैक्षिक गुणस्तर वृद्धि, सबै ठाउँमा स्वास्थ्य सेवाको पहुँच विस्तार, मणिपाल कलेजले ओगटेको जग्गाको उपयोग आदिलाई थप प्राथमिकताका साथ बढाउने प्रतिबद्धता व्यक्त गरे ।

पछिल्लो समय माओवादी जनताको बीचमा कम आएकाले यसको फाइदा उठाएर मधेशवादी दलहरुले मधेशका जनतामा भ्रम सिर्जना गरेको उल्लेख गर्दै उनले अब मधेशवादी दलहरु अवसरवादी रहेको बताए । उनीहरू मधेशी जनताको पक्षमा भए संघीयताको पक्षमा माओवादीले सुरु गरेको अभियानमा जोडिन पनि आग्रह गरे ।

नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्रराय यादवले माओवादी जनयुद्ध र मधेश आन्दोलनका कारण मधेशी जनताले पहिचान, संघीयता, समावेशी, समानुपातिक अधिकार पाएको उल्लेख गर्दै मधेशवादी दल विभाजन र नातावाद कृपावादले अब मधेशको नेतृत्व गर्न सक्ने अवस्था नरहेकाले परिवर्तनको रक्षा गर्न माओवादीलाई बलियो बनाउने बेला आएको बताए ।

उपमहासचिव जनार्दन शर्मा प्रभाकरले पार्टी रुपान्तरणसहित जनताको बीचमा फर्केको उल्लेख गर्दै जनताको जीवन रुपान्तरण नै पार्टीको अबको अभिष्ट भएको बताए । त्यस्तै अर्का उपमहासचिव गिरिराजमणि पोख्रेलले सीमा क्षेत्रका जनताले राष्ट्रियताको रक्षा गरे पनि राज्यले सीमा क्षेत्रको विकास नदिएको उल्लेख गर्दै पार्टीले जनताको जीवन रुपान्तरण गर्ने कार्यक्रम अघि बढाउने बताए ।

पार्टी उपमहासचिव एवं मधेश प्रदेश इन्चार्ज मातृकाप्रसाद यादवले पार्टीले सत्तामुखी नभइ जनमुखी हुने नीति लिएपछि मधेशी जनतामा आकर्षण फर्किन थालेको उल्लेख गर्दै अब मधेशलाई लाल मधेश बनाउने उद्घोष गरे ।

# ‘लोकतन्त्रको नाममा लुटतन्त्र भयो’

**टुडे समाचारदाता**

बारा । आम जनता पार्टीका अध्यक्ष प्रभु साहले सत्ताधारी दलहरुले लोकतन्त्रलाई लुटतन्त्र बनाएको आरोप लगाएका छन् ।

बाराको बारागढी गाउँपालिकाको पिपरा बजारमा बिहीबार आयोजित आजपाको प्रथम गाउँपालिका भेलामा बोल्दै ठूला तथा सत्ताधारी दलहरुले लोकतन्त्रलाई लुटतन्त्र बनाएको आरोप लगाए । लोकतन्त्रको नाममा जनता ठग्ने मन्त्र बनाउने गरेको, भ्रष्टाचार गर्ने गरेको, जनतामाथि ऋण बोकाउने र राज्यको ढुकुटी खाली गराउने प्रवृत्ति मौलाएको उनले आरोप लगाए । देशलाई यसबाट जोगाउन जनता सडकमा उर्लिनुको विकल्प नरहेको उनको भनाइ छ । उनले भने, ‘दलाल र विचौलियाको आडमा लोकतन्त्र होइन, ठूला र सत्ताधारी दलतन्त्र चलेकोले देश आर्थिक दलदलमा फस्दै गइरहेको छ,’ उनले अघि थप्दै भने, ‘लोकतन्त्रको नाममा नेताहरुले राज्यको ढुकुटी सिध्याएर नेपालीमाथि ऋणको भार बोकाएको र विभिन्न भ्रष्टाचारका काण्डले मुलुक धरासायी बन्दै गएको छ ।’



सरकारमा भएका दलहरुले मिलेरै भ्रष्टाचार गरिरहेको आरोप लगाउँदै उनले भने, ‘सरकारले ठूला भ्रष्टाचार काण्डको फाईल पल्टाउन चाहेको छैन ।’ संघीय सांसद साहले वर्तमान सरकार पूर्णरुपमा असफल भइसकेकोले प्रधानमन्त्री केपी शर्मा ओलीले तत्काल राजीनामा दिनुपर्ने बताए । सरकारकै संयन्त्रले सार्वजनिक गरेको कार्यसम्पादन मूल्यांकनमा प्रधानमन्त्री आफैं असफल भएको भन्दै कुन नैतिकताले सरकारको नेतृत्वमा बस्न मिल्छ भन्दै अध्यक्ष साहले प्रश्न समेत गरे ।

उनले भने, ‘प्रधानमन्त्री ओलीसहित १२ जना मन्त्रीहरुको कार्यसम्पादन रिपोर्टअनुसार ३५ प्रतिशत अंक आएको छैन । प्रधानमन्त्री ओलीको जम्मा २८ प्रतिशतमात्रै अंक आएको छ, ‘देशको नेतृत्वकर्ता नै असफल भएपछि देश कसरी उभो लाग्छ ?’ अध्यक्ष साहले भने, ‘कार्यसम्पादन मूल्यांकनमा प्रधानमन्त्री आफैं फेल हुनुभयो, उहाँको क्याबिनेटमा आधाभन्दा बढी मन्त्रीहरु नै कार्यसम्पादन मूल्यांकनमा असफल भए । असफल कसरी सुशासन र विकास दिन्छ त ?’

सरकारले कर आतंक मच्चाएको तर जनतालाई कर तिरेवापत सेवासुविधा नदिएको उनले आरोप लगाए ।

# ‘स्वास्थ्यमन्त्रीलाई बर्खास्त गर्नुस्’

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभा सदस्य अमरेशकुमार सिंहले स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेललाई बर्खास्त गर्न माग गरेका छन् ।

प्रतिनिधि सभाको बैठकमा बिहीबार बोल्ने क्रममा पूर्वमन्त्रीसमेत रहेका प्रतिनिधिसभा सदस्य सिंहले प्रधानमन्त्री केपी शर्मा ओलीलाई मन्त्री पौडेललाई तुरुन्त बर्खास्त गर्न माग गरे । उनले भने, ‘किनकी,



उहाँले भन्नुभएको छ कि यो मन्त्रालयमा कुनै मधेसी रहँदैन ।’

स्वास्थ्य मन्त्रालयको सचिवमा हिजो भएको निर्णयप्रति विरोध जनाए । मन्त्रिपरिषद्को बुधबारको बैठकले स्वास्थ्य सचिवमा विकास देवकोटालाई बढुवा गर्ने निर्णय गरेको थियो ।

सिनियरका आधारमा डा. संगिता मिश्र हुनुपर्नेमा देवकोटालाई गरिएको भन्दै सांसद सिंहले आपत्ति जनाएका छन् । उनले भने, ‘संगिता मिश्र व्यक्तिसँग मेरो केही चिनजान छैन । संगिता मिश्र मधेसीको आस्थाको एउटा प्रतिक थियो ।’




# कञ्चनवनमा परिक्रमायात्रीहरुले मनाए होली



**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिला माध्यमिकी परिक्रमा यात्रीहरु कञ्चनवनमा होली मनाएका छन् ।

परिक्रमामा मिथिला विहारीको डोलासंगै कञ्चनवन पुगेका परिक्रमामा श्रद्धालुहरुले एक अर्कालाई रंग अबिर दलेर होली पर्व मनाएका छन् । कञ्चनवनमा परिक्रमामा सहभागीहरुले रंग अबिर खेलेपछि मिथिलाञ्चलमा होली पर्वको आगमन भएको मानिन्छ ।

फागुन शुक्ल प्रतिपदाबाट शुरु भएको मिथिला मध्यमा परिक्रमा फागुन शुक्ल सप्तमीमा मिथिला विहारीको डोलासंगै ध्रुवकुण्ड बाट कञ्चनवन पुगेका छन् ।

यहाँ एकाअर्काले रंगअबिर दलेर होलीसमेत मनाएका छन् ।

जनकपुरधामको हनुमान नगरबाट डोलासहित हिडेको परिक्रमा कल्याणेश्वर, गिरिजास्थान, मटिहानी, जलेश्वर, मडै, ध्रुवकुण्ड हुँदै कञ्चनवन पुगेका छन् । भने परिक्रमा यात्रीहरु शुक्रबार पर्वतामा पुग्नेछन् ।

# भिठ्ठामोड सुख्खा बन्दरगाह निर्माणमा सहयोग गर्ने प्रतिबद्धता

**टुडे समाचारदाता**

जलेश्वर । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले महोत्तरीको भिठ्ठामोड सुख्खा बन्दरगाह निर्माणमा सहयोग बताएका छन् ।

भारतीय सिमानामा रहेको सुख्खा बन्दरगाह निर्माण स्थलको अवलोकनपछि जलेश्वर उद्योग वाणिज्य संघको ज्ञापन पत्र बुझ्दै अध्यक्ष प्रचण्डले आफू प्रधानमन्त्री भएका बेला बन्दरगाह निर्माणका लागि सम्बन्धित निकायलाई निर्देशन दिएको जानकारी दिंदै अब काम अघि बढाउन सहयोग गर्ने प्रतिबद्धता जनाए ।

केही काम उति बेलानै अघि बढेको भए पनि बाँकी प्रक्रियाका लागि सहयोग गर्ने उनको भनाइ छ । आफ्नो पार्टीले सञ्चालन गरेको जनतासँग माओवादी, तराई मधेश जागरण अभियानको एउटा उद्देश्य सीमा क्षेत्रका जनताको अवस्था बुझ्ने र सम्भावित विकास निर्माणका काम अघि बढाउन पहल गर्ने भएकाले यो सवाल पनि अभियानकै एजेन्डा बन्ने अध्यक्ष प्रचण्डले स्पष्ट गरे ।



सो ज्ञापन पत्र बुझाउँदै संघका अध्यक्ष शिवचन्द्र चौधरीले कलकत्ता बन्दरगाहबाट तेस्रो मुलुकको सामान आयात-निर्यात गर्न जलेश्वर भन्सारबाट एकतर्फी २ सय २५ किलोमिटर मात्रै रहेको जानकारी गराउँदै यो बन्दरगाह मधेसका सबै जिल्लाको पायक स्थानमा पर्ने भएकाले निर्माण हुन जरुरी रहेको बताए । यसका साथै उनले मणिपाल कलेजका लागि ३५ बिघा जग्गा स्थानीयबाट सस्तोमा लिएर अलपत्र छाडेकाले तत्काल काम सुरु आवश्यक समन्वयन गरिदिन आग्रह गरेका थिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८